मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com




वर्ष ३ • अंक १३६ • २०८१ साल चैत्र १७ गते आइतबार • Sunday 30, March 2025 • सूर्योदय: बिहान ५:५८ बजे • सूर्यास्त: साँझ ६:२१ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## कर्मचारीको द्वन्द्वले अस्तव्यस्त
# प्रादेशिक प्रयोगशाला



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
प्रदेशमा व्यवस्थित स्वास्थ्य सेवामा बल पुर्याउने उद्देश्यले स्थापना गरिएको प्रादेशिक प्रयोगशाला अहिले कर्मचारीको द्वन्द्वका कारण अस्तव्यस्त भएको छ । कर्मचारीको द्वन्द्वका कारण प्रयोगशालाले समयमा औषधी खरिद गर्न नसकेका कारण स्वास्थ्य क्षेत्र अस्तव्यस्त भएको छ । मधेश प्रदेशको स्थानीय तहमा रहेको प्रयोगशालामा समेत औषधी अभाव छ । संघीय सरकारले प्रयोशगालामा दरबन्दी नै नरहेको अवस्थामा कुमार मृत्युञ्जय प्रसादका ठाउँमा प्रवण कुमार यादवलाई पठाएपछि प्रदेश सरकारको अधीनमा रहेका कर्मचारीले विरोध गर्दै आएका छन् । अर्कातर्फ प्रयोशगालाको कामले समेत गति लिन नसकेको अवस्थामा कर्मचारीहरुको द्वन्द्वका कारण प्रयोगशाला अस्तव्यस्त बनेको छ । डा. प्रणव कुमार यादव १०औँ तहका कर्मचारी हुन् भने डा. कुमार मृत्युञ्जय प्रसाद ९औँ तहका कर्मचारी हुन् । डा. प्रणव कुमार यादव हाजिरसमेत भइसकेका छन् । उनलाई हाजिर हुन कार्यालयमा अर्को रजिष्टर खडा गर्नु परेको थियो । उनी कार्यालयमा हाजिर भएपछि कर्मचारीबीच विवादको अवस्था सृजना गरिएको भएको छ । मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका निमित्त सचिव राजेशकुमार मिश्रले प्रयोगशालाका नाममा पत्र लेख्दै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश, जनकपुरधामको च.नं. १८७३, मिति २०८१÷०९÷२८ गतेको (प्रमुख सचिवस्तर) निर्णयानुसार स्वास्थ्य सेवा, मे.ल्या.टे समूह, अधिकृत दशौँ तह, सहप्रमुख माइक्रोबायोलोजिस्ट पदका प्रणव कुमार यादवलाई आर्थिक तथा प्रशासनिक अधिकारसहितको निमित्त निर्देशक भई कामकाजमा खटाइएकामा यो पदको अधिकार मधेश प्रदेश सरकार (मन्त्रिपरिषद्) को अधीनमा रहेको तथा सोबमोजिम भएकोसमेत नदेखिएको साथै प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामको दरबन्दी विवरणअन्तर्गत निजको सेवा, समूह र पदको दरबन्दी रिक्त रहेको नदेखिएकाले निजलाई अकों व्यवस्था नभएसम्मका लागि आर्थिक तथा प्रशासनिक अधिकारसहितको निमित निर्देशक भई कामकाज विषय मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, मधेश प्रदेशको पत्र कार्यान्वयन गर्न कठिनाई भएको र सो विषयउपर माननीय मन्त्रीज्यूको गम्भीर ध्यानाकर्षण भएको हुदाँ निजलाई हाजिर नगराई सम्बन्धित कार्यालयमा फिर्ता पठाउन हुन् यस मन्त्रालयको मिति २०८१÷०९÷२९ को निर्णयानुसार अनुरोध छ । यादव अदालतमा गएर अन्तरिम आदेश लिएर कामकाज गर्दै आएका छन । उनी प्रयोगशालामा कामकाज गर्दै आएपछि कर्मचारीभित्रको आन्तरिक विवादको कारण टेन्डर हुन नसकेपछि प्रयोगशालामा सामान अभाव भएको छ । जसकारण प्रयोगशालाको जाँचहरुसमेत प्रभावित भएको छ । प्रयोगशालाको स्थानीय पालिकालाई दिने केमिकलको करिब ८ करोड रुपैयाँ, प्रयोगशालाको सामान ४ करोड रुपैयाँ, किलिया मेसिन अढाई करोड रुपैयाँको टेन्डर हुन सकेको छैन । स्थानीय तहमा खुलेका प्रयोगशालामा समेत सामान अभाव हुन थालेपछि जाँच प्रभावित हुन थालेको छ । अर्कातर्फ प्रादेशिक प्रयोगशालामा समेत सामान अभाव भएको कारणले गार्द आईरन प्रोफाईल, एनटिसिसिमि टेष्ट बन्द भएका छन् । यसले सर्वसाधारणलाई समस्या हुने गरेको छ ।

प्रयोगशालामा सर्वसाधारण सामान अभावले जाँच नहुँदा बाहिर जान बाध्य हुन्छन् । निमित्त निर्देशक प्रणव कुमार यादवले आफू आएको थोरै समय भएको र पहिलो खरिद नगरिएका कारण प्रयोगशालामा सामान अभाव देखिए पनि खरिद प्रक्रिया अगाढि बढाएर समस्या समाधान गरिने बताउँछन् ।

## एउटा वडाबासीबाट दान जुटाएर ५ लाख भक्तजन आउने महायज्ञ शुरु



**मधेशदृष्टि**
**सप्तरी ।**
राजविराज नगरपालिका–९ मलेठस्थित रामजानकी पञ्चवटी तीर्थस्थलमा आज आइतबारदेखि शुरु हुने नौ कुण्डीय विष्णु महायज्ञको पूर्वसन्ध्यामा शनिबार सैयौँको सहभागितामा कलश यात्रा निकालिएको छ । स्थानीय रामजानकी पञ्चवटी तीर्थस्थलबाट निस्केको कलशयात्रामा प्रचण्डगर्मी र घामको परवाह नगरी ठूलो संख्यामा महिला तथा पुरुष सहभागी भए । सहभागीले तीर्थस्थलमा रहेको पोखरीबाट पवित्र जल भरेर कलश यात्रामा निस्केका थिए ।

महायज्ञ आयोजक मूल समितिका अध्यक्षसमेत रहेका वडाध्यक्ष जवाहर यादवले महायज्ञका लागि तीर्थस्थलमा सम्पूर्ण तयारी पूरा भएको जानकारी दिए । विश्वकल्याण हेतु तथा सनातन धर्मको रक्षा गर्ने उद्देश्यले नौ कुण्डीय विष्णु महायज्ञ आयोजना गर्न लागिएको उनको भनाइ छ । रोचक के छ भने महायज्ञको रकम सोही वडाबासीबाट जुटाउने आयोजकको तयारी छ । 'हामी अन्य वडा, पालिका, कार्यालय र संघसंस्था कतैबाट पनि चन्दा र सहयोग लिएका छैनौँ,' अध्यक्ष यादवले भने, 'सबै खर्च वडाकै बासिन्दाबाट जुटाउने काम भइरहेको
छ ।'

राजविराज नगरपालिकामा सबैभन्दा बढी जनसंख्या रहेको वडामा कसैले नगद त कसैले खाद्यान्न, कपडा तथा अन्य सरसामान दिएर सहयोग गरिरहेको उनको कथन छ । महायज्ञमा भारत तथा नेपालका ख्यातिप्राप्त सन्त महन्थ तथा कथाबाचकको सहभागिता रहने उनले जानकारी दिए । महायज्ञ अवधिभर ५ लाख भन्दा बढी भक्तजन आउने अनुमान गरिएको बताएका उनले भारतको अयोध्याबाट रामकथाबाचिका देवी चन्द्रकला तथा रामजानकी पञ्चवटी तीर्थस्थलका पीठाधीश बाबा भूतनाथ र उनका उत्तराधिकारी आचार्य गगन दासलगायतका सन्त महन्थबाट सीताराम नाम जप, राशलीला र रामलीलालगायतका धार्मिक कार्यक्रम हुनेसमेत जानकारी दिए ।

यज्ञ भव्य बनाउन धार्मिक कार्यक्रमका साथै मनोरञ्जनका लागि झुला, मौतका कुवा, सर्कसलगायतका विभिन्न खेल तमासासमेत व्यवस्था गरिएको मूल आयोजक समितिका सचिव भूपेन्द्र प्रसाद यादवले जानकारी दिए । महायज्ञ उद्घाटन आयोजक समितिका सल्लाहकारसमेत रहेका राजविराज नगरपालिकाका मेयर (हाल निलम्बित) भीमराज यादवले गर्ने कार्यक्रम तय भएको उपाध्यक्ष सुरेन्द्र यादवले जानकारी दिए ।

महायज्ञ भव्य र सभ्य बनाउन स्थानीय समाजसेवी अशोक कुमार मेहता, श्रीलाल यादव, प्रदीप यादव, रामचन्द्र यादव, राधेश्याम यादव, भोला यादव, पुनम यादव, जुल्मी यादव, रामु यादव र सीताराम यादवसहित ५१ सदस्यीय मूल आयोजक समिति गठन गरिएको छ । त्यस्तै, महायज्ञ स्थलमा ५२ अवतार भएको १०८ तथा विभिन्न देवी देवताका कुल १ सय ५१ वटा मुर्ती निर्माण गरिएको छ ।

# अराजक आन्दोलनको जरिवाना पूर्वराजालाई !







**मधेशदृष्टि**
**काठमाडौँ ।**
अरु बेला विभिन्न राजनीतिक दललाई जरिवाना तिराएर चर्चा बटुलेका काठमाडौँ महानगरका मेयर बालेन शाह यसपटक भने राजावादीको आन्दोलन अराजक भएर तोडफोड हुँदा पूर्वराजा ज्ञानेन्द्र शाहलाई जरिवाना गरेर थप चर्चामा आएका छन् ।

महानगरपालिकाले तीनकुने क्षेत्रमा शुक्रबार भएको प्रदर्शनक्रममा रुख, बिरुवा तथा रेलिङ तोडफोड र वातावरण प्रदूषण गरेको भन्दै पूर्वराजा ज्ञानेन्द्र शाहलाई सात लाख ९३ हजार रुपैयाँ जरिवाना तोकेपछि यसले काठमाडौँ मेयरको चर्चा चुलिएको छ । महानगर प्रहरी बलले शाहको समर्थनमा प्रदर्शन भएको तीनकुने क्षेत्रको अवलोकन र क्षति मूल्याङ्कन गरी जरिवाना तोकेको नगर प्रहरी नायब उपरीक्षक शिवलाल पौडेलले जानकारी दिए ।

महानगरले प्रदर्शनस्थल आसपाससहित विभिन्न स्थानमा सडक तथा सडकपेटीमा जथाभावी फोहर गरेको कसुरमा छ लाख रुपैयाँ, आगजनी नियन्त्रण गर्न गएको दमकलमाथि ढुङ्गा प्रहार गरी क्षति पु¥याएको कसुरमा थप एक लाख तीस हजार रुपैयाँ, रुख, बिरुवा तथा रेलिङ एवम् तीनकुने आइल्याण्डमा तोडफोड कसुरमा ६३ हजार रुपैयाँ जरिवाना र क्षतिपूर्ति तोकिएको महानगरले जनाएको छ ।

पूर्वराजा शाहसहितको समर्थनमा शुक्रबार भएको प्रदर्शनमा सहभागीले सार्वजनिक तथा निजी सम्पत्तिमाथि तोडफोड र आगजनीसमेत गरेका थिए । त्यसक्रममा प्रहरीसँगको झडपमा परी एक प्रदर्शनकारीको मृत्यु र अर्का एक पत्रकारको दृश्य छायाङ्कनका क्रममा प्रदर्शनकारीले एक व्यापारिक भवनमा लगाएको आगोमा जलेर मृत्यु भएको थियो ।

**राणा पक्राउको जानकारी**
काठमाडौँ जिल्ला प्रहरी परिसरले राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद धवल शमशेर जबरालाई फौजदारी अभियोगमा पक्राउ गरिएको जानकारी संसद् सचिवालयलाई दिएको छ । नेपालको संविधानको धारा (१०३) को उपधारा (६) बमोजिम प्रहरीले सचिवालयलाई सांसद जबरा पक्राउको सूचना दिएको संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले राससलाई बताए ।

'सम्माननीय सभामुखलाई सम्बोधन गरेर परिसर प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक विश्व अधिकारीले प्रतिनिधिसभा सदस्य जबरालाई पक्राउ गरिएको पत्र सचिवालयलाई प्राप्त भएको छ,' प्रवक्ता गिरीले टेलिफोनमा भने ।

**मिश्र र राणा छाड्न २४ घण्टा**
राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले उपाध्यक्ष रवीन्द्र मिश्र र महामन्त्री डा. धवलशमशेर राणाको रिहाइका लागि सरकारलाई २४ घण्टे अल्टिमेटम दिएको छ । शनिबार बसेको पार्टी केन्द्रीय कार्यसम्पादन समितिको बैठकपछि अध्यक्ष राजेन्द्र लिङ्देनले मिश्र र राणासहित पक्राउ परेका अन्य व्यक्तिलाई अविलम्ब रिहा गर्न सरकारलाई चेतावनी दिएका हुन् । बैठकले माग पूरा नभए देशभर विरोध प्रदर्शन गर्दै आन्दोलन चर्काउने निर्णय गरेको लिङ्देनले जानकारी दिए ।

राप्रपाले शुक्रबार तीनकुनेमा राजावादी प्रदर्शनक्रममा भएको घटनाको जिम्मेवारी सरकारकै रहेको दाबी गर्दै दमनकारी शैली अपनाइएको आरोप लगाएको छ । सोही प्रदर्शनमा हिंसा भड्काउन भूमिका खेलेको आरोपमा प्रहरीले मिश्र र राणालाई पक्राउ गरेको थियो । राप्रपाले सरकारको यस्तो कदमलाई लोकतान्त्रिक मूल्यमान्यताको उल्लङ्घन भन्दै विरोध गर्दै आएको छ । पार्टी नेतृत्वले २४ घण्टाभित्र माग पूरा नभए कडा संघर्ष गर्ने चेतावनी दिएको छ ।

**अराजकताको श्रेय पूर्वराजालाई**
नेपाली कांग्रेसले शुक्रबार काठमाडौँको

बाँकी पृष्ठ २ मा

# बिरामी छाडेर अस्पतालका सञ्चालक फरार



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंह सिरहाको मिर्चैयाका निजी स्वास्थ्य संस्थामा शनिबार अनुगमनमा पुग्दा आठवटा स्वास्थ्य संस्था बन्द गरी सञ्चालक तथा चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारी फरार भएका छन् ।

मुख्यमन्त्री सिंहसहितको अनुगमन टोली मिर्चैया बजार प्रवेश गरेको खबरपछि सञ्चालन अनुमति नलिई सञ्चालनमा रहेका आठ अस्पताल तथा पोलिक्लिनिक बन्द गरी सञ्चालकसँगै व्यवस्थापन तथा उपचारमा संलग्न कर्मचारी फरार भएका हुन् ।

टोलीले शनिबार मिर्चैयामा १४ निजी अस्पताल तथा पोलिक्लिनिक अनुगमन गरेको छ ।

तीमध्ये सेवा सञ्चालन अनुमति नलिई सञ्चालनमा रहेका १३ अस्पताल तथा पोलिक्लिनिक बन्द गर्न निर्देशन दिइएको छ । समित माउन्ट हस्पिटल, एस जेके पोलिक्लिनिक, मंगलम हेल्थ केयर सेन्टर(पोलिक्लिनक), सिद्धकामना हस्पिटल, शान्ति हेल्थ केयर, बाल संसार हेल्थ केयर, राम ओरल एण्ड डेन्टल क्लिनक, रेखा नर्सिङ होम, मिथिला चश्माघर आँखा उपचार केन्द्र, बालकल्याण हेल्थ केयर, विष्णु पोलिक्लिनिक, लक्ष्मी हेल्थ केयर र लाइफलाइन क्लिनिक बन्द गर्न निर्देशन दिइएको हो ।

जनस्वास्थ्य अधिकृत ठाकुरका अनुसार मुख्यमन्त्री सिंहले १ सय ५७ निजी स्वास्थ्य संस्थाको अनुगमन गरेका छन् ।

# ललितपुर र काठमाडौँबीचको खेल बराबरीमा




**काठमाडौँ ।**
नेपाल सुपर लिग (एनएसएल) फुटबल प्रतियोगिताअन्तर्गत शनिबार भएको उद्घाटन खेलमा साविक विजेता ललितपुर सिटी एफसी र काठमाडौँ रेजर्सबीचको खेल बराबरीमा सकिएको छ । त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा भएको तेस्रो संस्करणको उद्घाटन खेलमा ललितपुर र काठमाडौँले २–२ गोलको बराबरी खेलेका हुन् । ललितपुरका जनाथन इडुआर्डो र आदित्य शाक्यले गोल गरेका हुन् । काठमाडौँका लागि ओमोडोउ डिओप र भिन्सेन्ट कोजिइल्लोले गोल फर्काए । ललितपुरलाई खेलको पाँच मिनेटमा विदेशी खेलाडी जनाथनले सुरुआती अग्रता दिलाए । खेलको १४औँ मिनेटमा ललितपुरका आदित्यले गोल गर्दै टोलिलाई दोस्रो अग्रता दिलाए हुन् । त्यसपछि खेलको ७५औँ मिनेटमा डिओपले गोल गर्दै काठमाडौँलाई पहिलो अग्रता दिलाए भने दोस्रो हाफको अतिरिक्त समयमा भिन्सेन्टले पेनाल्टीमार्पत गोल गर्दै काठमाडौँलाई हारबाट जोगाएका हुन् ।प्रतियोगितामा ललितपुर सिटी एफसी, काठमाडौँ रेजर्स एफसी, पोखरा थन्डर्स एफसी, बुटवल लुम्बिनी एफसी, धनगढी एफसी, झापा एफसी र चितवन एफसी सहभागी छन् । आइतबार साँझ ६ बजेदेखि बुटवल लुम्बिनी एफसी र झाफा एफसीबीच प्रतिस्पर्धा हुनेछ ।

# अराजक आन्दोलनको जरिवाना...

तीनकुनेमा भएको राजावादीको घटनाको पूर्ण जिम्मा पूर्वराजा ज्ञानेन्द्र शाहले लिनुपर्ने निष्कर्ष निकालेको छ । सभापति शेरबहादुर देउवा निवास बुढानीलकण्ठमा बसेको पार्टीको पदाधिकारी तथा पूर्वपदाधिकारी बैठकले यस्तो निर्णय निकालेको प्रवक्ता प्रकाशशरण महतले जानकारी दिए । 'राजावादीको नाममा भएको गतिविधिको समीक्षा भयो र गृहमन्त्रीज्यूले घटना विवरण प्रस्तुत गरेपछि हिजो भएको घटनामा सबै कब्जा गर्ने उहाँहरूको लक्ष्य देखियो, त्यसको सबै जिम्मेवारी उहाँले (पूर्वराजा) लिनुपर्छ,' बैठकपछि पत्रकारहरूसँग महतले भने ।

उनले आन्दोलन शान्तिपूर्ण हुने भनिए पनि गलत मनासयका साथ अराजकता मच्चाउने कार्य भएको बताए । पूर्वराजाकै योजनामा आन्दोलन समिति बनाइएको कांग्रेसले दाबी गरेको छ । यस्तै कांग्रेसले वर्तमान संविधान पक्षधरको बैठक बोलाउने निष्कर्षसमेत निकालेको उनले बताए ।

**सम्पर्कविहीन प्रसाईंद्वारा फेसबुकमा आन्दोलन गर्न अपिल**
शुक्रबार काठमाडौँको तीनकुनेमा भएको अराजक गतिविधिपछि सम्पर्कविहीन रहेका र प्रहरीले खोजी गरिरहेका दुर्गा प्रसाईंले शनिबार फेसबुकमा लगातार स्ट्यास अपडट गर्दै आइतबारदेखि काठमाडौँमा आन्दोलन चर्काउन आगह गरेका छन् । उनले भनेका छन्, 'आइतबारदेखि आन्दोलन चर्किन्छ, काठमाडौँमा केन्द्रित हुनुहोला ।'

प्रसाईंले लेखेका छन्, 'हिजो १५ गते काठमाडौँको तीनकुनेमा राजसंस्था पक्षधर संयुक्त जनआन्दोलन संघर्ष समितिद्वारा आयोजित कार्यक्रममा भ्रष्ट सरकारका पाल्तु प्रहरी र यिनका पार्टीका भतुवाको घुसपैठ गराई योजनाबद्ध तवरले गरिएको हत्या र प्रहरी दमनका साथै विभिन्न स्थानमा भएका आगजनी र लुटपाटका घटना घटाएको सबैलाई सर्वविदितै छ, सम्पूर्ण राजसंस्थावादी संघ संस्था, अभियान तथा पार्टीको सामूहिक प्रयासद्वारा गठन गरिएको सभामा कार्यक्रम सञ्चालन हुन नपाउँदै अश्रु ग्यास प्रहार गरेर सभा बिथोल्ने कार्य गर्ने सरकारले आफैँले हत्या गरिएका नागरिकको हत्याको जिम्मेवारी जनकमाण्डर दुर्गा प्रसाईंमाथि थोपर्ने प्रयास गर्ने ? बन्दुक कसले चलायो दुर्गाले कि प्रहरीले ?'

उनले लेखेका छन्, 'संघर्ष समितिका अग्र नेतृत्वमा रहनु भएका नेता धवल सम्शेर राणा र रवीन्द्र मिश्रलाई गिरफ्तारी, केन्द्रीय संयोजक नवराज सुवेदीलाई नजरबन्द जस्ता घृणित कार्य गर्ने सरकारले सैयौँ राष्ट्रवादी नागरिकलाई गिरफ्तारी गरेकामा आपत्ति छ, यिनीहरूको यति मात्रै दमन र तानाशाह प्रवृत्ति नपुगेर श्री ५ महाराजाधिरज ज्ञानेन्द्र वीरविक्रम सरकारलाई समेत नजरबन्द गर्ने, पक्राउ गर्ने अभिव्यक्ति सरकारी उच्च ओहदामा बस्नेहरुले व्यक्त गरिरहेका छन् र आजबाट श्री ५ लाई सुरक्षाका लागि प्रदान गरिएको सशस्त्र प्रहरीको सुरक्षा फिर्ता गरेको भन्ने जानकारी हुन आएको छ र अझै महाराजाधिराजको पासपोर्टसमेत जफत गर्ने तयारी भएको बुझिएको छ ।'
प्रसाईंले भनेका छन्, 'हिजो तीनकुनेमा भएको हत्या र प्रहरी दमनबिरुद्ध र श्री ५ महाराजाधिराज सरकारमाथि गरेको अत्याचारविरुद्ध आम नागरिक आउनुको विकल्प छैन, नेताको मुख नताकौँ, जनताले गर्ने जनआन्दोलन जनताकै नेतृत्वमा गरौँ र यो भ्रष्ट दलालहरुको पञ्जाबाट देशलाई मुक्त गर्न भोलि आइतबारदेखि नै देशभर हरेक शहरका सडकमा भेला भएर हाम्रा आवाज बुलन्द पारौँ र न्यायका पक्षमा आन्दोलित बनौँ ।'

**एरेस्ट ज्ञानेन्द्र शाह ट्रोल**
शनिबार सामाजिक सञ्जालमा पूर्वराजा ज्ञानेन्द्र शाहलाई पक्राउ गर्न आग्रह गर्दै ह्यास्टट्याग एरेस्ट ज्ञानेन्द्र शाह ट्रोल गरिएको थियो । सामाजिक सञ्जालमा पूर्वराजालाई पक्राउका लागि दबाब दिन यस्तो अभियान स्वतःस्फूर्तरुपमा गणतन्त्रवादीहरुले चलाएका थिए ।

**१११ जना पक्राउ**
काठमाडौँको तीनकुनेमा शुक्रबार पूर्वराजाको समर्थनहरूद्वारा गरिएको हिंसात्मक प्रदर्शनमा संलग्न भएको आरोपमा प्रहरीले हालसम्म १ सय ११ जनालाई पक्राउ गरेको छ । पूर्वराजाको समर्थनमा भएको प्रदर्शनका क्रममा आक्रमण, तोडफोड, आगजनी र लुटपाटमा संलग्न रहेका र घटना घटाउन उक्साउनेसहित १ सय ११ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवम् प्रहरी उपरीक्षक अपीलराज बोहराले जानकारी दिए ।

उनका अनुसार शुक्रबार एक सय पाँच जनालाई पक्राउ गरिएको थियो भने आज थप छ जना पक्राउ परेका हुन् । प्रहरी परिसर काठमाडौँले २५, प्रहरी वृत्त बानेश्वरले २५, प्रहरी वृत्त गौशालाले नौ, प्रहरी प्रभाग कोटेश्वरले ४६, प्रभाग गोङ्गबुले तीन, प्रहरी वृत्त बालाजुले एक, प्रहरी वृत्त सिंहदरबारले दुई जनालाई पक्राउ गरेको उनले जानकारी दिए ।

घटनामा दुई जनाको मृत्यु भएको जनाउँदै प्रहरी प्रवक्ता बोहराले नेपाल प्रहरीतर्फ ५५, सशस्त्र प्रहरीतर्फ २२ र प्रर्दशनकारीतर्फ ५१ जना घाइते भएका उल्लेख गरे । तीमध्ये प्रहरी र प्रदर्शनकारीसहित २१ जनाको विभिन्न अस्पतालमा उपचार जारी रहेको काठमाडौँ प्रहरीले जनाएको छ ।

**तोडफोड, आगजनी र लुटपाट**
प्रवक्ता बोहराका अनुसार व्यक्तिगत र सरकारी कार्यालय गरी १८ वटामा तोडफोड भएको छ ।

विभिन्न १२ ठाउँमा आगजनी तथा एक ठाउँमा तोडफोड तथा लुटपाट भएको छ । 'प्रहरीतर्फ छ, सरकारी कार्यालयको चार, विवरण नखुलेको छ गाडी तथा विवरण नखुलेको स्कुटर र मोटरसाइकलसहित छ वटामा तोडफोड भएको छ । केही गाडी जलाइएको छ,' उनले भने ।


## कर्जा चूक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गरेको विभिन्न शिर्षकका कर्जाहरु लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार समय समयमा बुझाउनु पर्ने सांवा, ब्याज आदि नतिरी नबुझाई ऋण लिंदा गरेको शर्त, कबुलियत उल्लंघन गरेको र बैंकले मौखिक एवं लिखित रुपमा पटक पटक तरतागेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान नगरेको हुंदा यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा कर्जाको सम्पूर्ण सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नुहुन यो ३५ दिने सुचना प्रकाशित गरिएको छ । अन्यथा उल्लेखित मिति भित्रमा बुझाउनू पर्ने सम्पूर्ण कर्जा सांवा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगरेमा यस बैंकलाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३,नेपाल राष्ट्र बैङ्क तथा वित्तिय संस्थालाइ जारी गरीएको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनामा आउने निर्देशन,परिपत्रहरु, बैङ्कको कर्जा असुलि निति तथा अन्य सम्बद्ध ऐन कानूनले दिएको अधिकार प्रयोग गरी धित्तोमा रहेको चल अचल सम्पति जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिकी गरि वा अन्य व्यवस्था गरि बैंकको सांवा, ब्याज, हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएका अन्य खर्चहरु समेत असुल उपर गरी लिने तथा लेना रकम असुल उपर नभएको खण्डमा तपाई ऋणीहरु तथा धन जमानी दिनेको घर घराना/चल अचल सम्पतिबाट असुल उपर गरिनुका साथै प्रचलित नियम कानुन बमोजिम तपाई ऋणी तथा जमानीकर्तालाई कालो सूचिमा राख्न सिफारिश गर्ने व्यहोरा समेत ऋणी, जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

**१. ऋणीको नाम र ठेगाना**

**क**) स्व. गणेश राउत कुर्मीको नाती, रामेश्वर प्रसाद कुर्मीको छोरा जिल्ला पर्सा गा.वि.स सुगौली विर्ता वार्ड.नं.७ (हाल जिल्ला पर्सा वि.म.न.पा. वार्ड.नं. २६), बस्ने (ना.प्र.न. ९०६३२७७७ ,जारी मिति २०६२/१२/२४. जि.प्र.का. पर्सा) बर्ष ३८ को दिलिप कुमार पटेल......१ र स्व. गणेश राउत कुर्मीको बुहारी, रामेश्वर प्रसाद कुर्मीको पत्नि जिल्ला पर्सा गा.वि.स सुगौली विर्ता वार्ड.नं.७ (हाल जिल्ला पर्सा वि.म.न.पा. वार्ड.नं. २६), बस्ने (ना.प्र.न. २४५०, जारी मिति २०४६/०३/०५. जि.प्र.का. पर्सा) बर्ष ६० को नगिना देवी ..........२ ।

**कर्जाको सुरक्षण विवरण**

**क**) स्व. गणेश राउत कुर्मीको बुहारी, रामेश्वर प्रसाद कुर्मीको पत्नि, जिल्ला पर्सा गा.वि.स सुगौली विर्ता वार्ड.नं.७ बस्ने (ना.प्र.न. २४५०, जारी मिति २०४६/०३/०५. जि.प्र.का. पर्सा) बर्ष ६० को नगिना देवीको नाममा दर्ता कायम रहेको जिल्ला पर्सा, सुगौली विर्ता गा.वि.स वार्ड.नं.९ (हाल जिल्ला पर्सा वि.म.न.पा. वार्ड.नं. २६) मा स्थित कित्ता नं. १७५ को जम्मा क्षेक्रफल ०२४९०.०० **वर्ग मिटर** को घरजग्गा ।

**व्यक्तिगत जमानीकर्ताहरु :**

**क**) स्व. गणेश राउत कुर्मीको नाती, रामेश्वर प्रसाद कुर्मीको छोरा, जिल्ला पर्सा गा.वि.स सुगौली विर्ता वार्ड.नं.७ (हाल जिल्ला पर्सा वि.म.न.पा. वार्ड.नं. २६), बस्ने (ना.प्र.न. ९०६३२५६१, जारी मिति २०६१/०६/१९ जि.प्र.का. पर्सा) बर्ष ४२ को दिपक प्रसाद पटेल ।

**ख**) स्व. लक्ष्मी राउत कुर्मीको नाती, स्व. गणेश राउत कुर्मीको छोरा ,जिल्ला पर्सा गा.वि.स सुगौली विर्ता वार्ड.नं.७ (हाल जिल्ला पर्सा वि.म.न.पा. वार्ड.नं. २६), बस्ने (ना.प्र.न. ९०६३१०३८, जारी मिति २०३५/०७/०३ जि.प्र.का. पर्सा) बर्ष ६५ को रामेश्वर प्रसाद कुर्मी ।

**ग**) रामेश्वर प्रसाद कुर्मीको बुहारी, दिलिप कुमार पटेलको पत्नि ,जिल्ला पर्सा वि.म.न.पा. वार्ड.नं. २६ बस्ने (ना.प्र.न. ३४-०१-७४-०२६३७ ,जारी मिति २०७४/०२/२६ जि.प्र.का. पर्सा) बर्ष ३७ को संध्या देवी पटेल ।

**घ**) रामेश्वर प्रसाद कुर्मीको बुहारी, दिपक प्रसाद पटेलको पत्नि जिल्ला पर्सा वि.म.न.पा. वार्ड.नं. २६ बस्ने (ना.प्र.न. ३४-०१-७६-१११७७ ,जारी मिति २०७६/१०/२१ जि.प्र.का. पर्सा) बर्ष ४१ को सिमा कुमारी ।

**२. ऋणीको नाम र ठेगाना**

**क**) हिरालाल प्रसाद चौरसियाको नाति, मनोज कुमार चौरसियाको छोरा जिल्ला पर्सा, कालिकामाई गा. पा वडा नं. २ (हालः पिपरा, बाईपास रोड, वीरगंज-१४) बस्ने(ना.प्र.न.३४-०१-७८-०४२५७,जारी मिति २०७८/०५/२५ जि.प्र.का. पर्सा) बर्ष २२ को **आर्यन कुमार चौरसिया ।**

**ख**) प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिती २०७८ साल फाल्गुन महिना २९ गते रोज १ मा नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग , वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यलय पर्सा बीरगंजमा दर्ता भै नं. प्रा.फ.र.नं. ४३२०८/०७८/०७९, अन्तर्गत दर्ता कायम भएको तथा जिल्ला पर्सा, वीरगंज १४, पिपरा कार्यालय रहेको **दिव्यम ट्रेड लिकं ।**

**कर्जाको सुरक्षण विवरण**

**क**) हिरालाल प्रसाद चौरसियाको बुहारी, मनोज कुमार चौरसियाको पत्नि, जिल्ला पर्सा, भेडियारी वडा नं. २ (हालः पिपरा, बाईपास रोड, वीरगंज-१४) बस्ने(ना.प्र.न.५८५६,जारी मिति २०६२/०५/२५ जि.प्र.का. पर्सा) बर्ष २७ को **ममता चौरसिया**को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा नौतन वडा नं.६ स्थित रहेको किता नं १२९,२०३ को जम्मा क्षेत्रफल क्रमश **०-२-०,०-१-३-३.७५** वर्ग मिटरको घरजग्गा र जिल्ला पर्सा मजदिहा पिपरा वडा नं.४ स्थित किता नं. २८९ को जम्मा क्षेत्रफल **०-३-९-११ वर्ग मिटर** को घरजग्गा ।

**प्रोप्राइटर तथा व्यक्तिगत जमानीकर्ताहरु :**

**क**) हिरालाल प्रसाद चौरसियाको नाति, मनोज कुमार चौरसियाको छोरा जिल्ला पर्सा, कालिकामाई गा. पा वडा नं. २ (हालः पिपरा, बाईपास रोड, वीरगंज-१४) बस्ने(ना.प्र.न.३४-०१-७८-०४२५७,जारी मिति २०७८/०५/२५ जि.प्र.का. पर्सा) बर्ष २२ को **आर्यन कुमार चौरसिया ।**

**ख**) हिरालाल प्रसाद चौरसियाको बुहारी, मनोज कुमार चौरसियाको पत्नि, जिल्ला पर्सा, भेडियारी वडा नं. २ (हालः पिपरा, बाईपास रोड, वीरगंज-१४) बस्ने(ना.प्र.न.५८५६,जारी मिति २०६२/०५/२५ जि.प्र.का. पर्सा) बर्ष २७ को **ममता चौरसिया ।**

**ग**) शुभ नारायण प्रसादको नाति, हिरालाल प्रसाद चौरसियाको छोरा ,जिल्ला पर्सा, भेडिहारी वडा नं. २ (हालः पिपरा, बाईपास रोड, वीरगंज-१४) बस्ने ( ना.प्र.न. १३५९२३०८,जारी मिति २०४६/०६/३० जि.प्र.का. पर्सा) बर्ष ५१ को **मनोज कुमार चौरसिया।**

४) शुभ नारायण प्रसादको बुहारी, हिरालाल प्रसाद चौरसियाको पत्नि ,जिल्ला पर्सा, भेडिहारी वडा नं. २ (हालः पिपरा, बाईपास रोड, वीरगंज-१४) बस्ने (ना.प्र.न.५७६७,जारी मिति २०४६/०३/२५ जि.प्र.का. पर्सा) बर्ष ७२ को **कौशल्या देवि।**

**नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

**प्रधान कार्यालयः**
**गीता मन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालयः बसपार्क (बाईपास) बिरगंज
ड्राईपोर्ट, श्रीसिया, बिरगंज ।
टेडारोड, चोर्नी, (जीतपुर) ।

# पत्रकार हत्या तथा सञ्चारगृहमा भएको आगजनीको सर्वत्र विरोध




## दोषीलाइ कारबाही माग गर्दै प्रदर्शन




मधेशदृष्टि
राजविराज ।
पत्रकार हत्या तथा सञ्चारगृहमा भएको आगजनीविरुद्ध राजविराजमा पत्रकारले बिरोध प्रदर्शन गरेका छन् । काठमाडौँमा शुक्रबार प्रदर्शन र आगजनीक्रममा समाचार संकलनका लागि पुगेका फोटो पत्रकार सुरेश रजकको जलेर मृत्यु भएपछि पत्रकारहरु आन्दोलित भएका हुन् ।

नेपाल पत्रकार महासंघ सप्तरीको अगुवाईमा पत्रकार रजकको मृत्युको सत्यतथ्य पत्ता लगाएर दोषीमाथि कारबाही माग गर्दै शनिबार प्रदर्शन गरिएको हो । प्रदर्शनक्रममा सहभागी पत्रकारले पत्रकार रजकको हत्यारालाई कारबाही गर, अराजकता बन्द गर, प्रेस स्वतन्त्रता कायम गर, सञ्चारगृहमा आक्रमण बन्द गरलगायतका नारा लेखिएको प्ले बोर्ड बोकेका थिए । बिरोध प्रदर्शनमा पत्रकार महासंघका सभापति श्रवण देवका साथै पूर्व अध्यक्षहरु बैजनाथ झा, धिरेन्द्र साह, प्रेस काउन्सिल नेपालका पूर्व सदस्य अनिलकुमार अनल तथा सञ्चारकर्मीको उल्लेख्य सहभागिता थियो ।

पत्रकारको बिरोध जुलुश नगर परिक्रमापश्चात स्थानीय जनआन्दोलन चोक पुगेर बिरोधसभामा परिणत भएको थियो । सभामा वक्ताहरुले घटनाको सत्यतथ्य छानबिन, दोषीलाई कारबाही, पत्रकार रजकलाई न्याय तथा उनका परिवारलाई उचित राहत उपलब्ध गराउन माग गरे । काठमाडौँमा भएको घटनापछि शनिबार स्थापना दिवसको अवसरमा आयोजना गर्ने भनिएको प्रभातफेरी तथा स्वास्थ्य परीक्षणलगायतका कार्यक्रम समेत स्थगित गरिएको पत्रकार महासंघ सप्तरीले जनाएको छ ।

आन्दोलनक्रममा हत्या गरिएका सञ्चारकर्मी सुरेश रजकको घटनामा संलग्न भएकाको छानबिन गरी कारबाही गर्न माग राख्दै शनिबार श्रमजीवी पत्रकार संघ नेपाल रौतहटले बिरोध प्रदर्शन गरेको छ । काठमाडौँको तीनकुनेमा समाचार संकलन गर्न गएका पत्रकार रजकलाइ आगो लगाएर गरिएको हत्याविरुद्ध संघमा आवद्ध सञ्चारकर्मीले बिरोध प्रदर्शन गरेका हुन् । शुक्रबार गणतन्त्रवादी मोर्चा र राजावादीले गरेको प्रदर्शनक्रममा तीनकुनेमा गरिएको भवनमा आगजनीक्रममा पत्रकार रजकको जलेर मृत्यु भएको घटनाको दोषीमाथि कारबाही गर्न नेपाल सरकारमाथि दबाब सृजना गर्ने उद्देश्यले प्रदर्शन गरिएको श्रमजीवी पत्रकार संघ नेपालका अध्यक्ष सन्तोष पौडेलले बताए ।

नेपालमा भएको आन्दोलनमा भूमिका निर्वाह गर्ने पत्रकारमाथि गरिएको जघन्य आक्रमणले सम्पूर्ण नेपाली पत्रकार जगत नै स्तब्ध भएको बताउँदै ज्यान जोगाउनु पर्ने प्रशस्त समय हुँदाहुँदै पनि सुरक्षकर्मीले देखाएको उदाशीनताले प्रश्नचिन्ह खडा गरेको टिप्पणी गरे । नेपाल पत्रकार महासंघ रौतहटका पूर्वअध्यक्ष एवम् श्रमजीवी पत्रकार संघ नेपालका सल्लाहकार रवीन्द्र प्रसाद साहले लोकतन्त्र र गणतन्त्र स्थापनाका लागि अहम योगदान पुर्याउने सञ्चारकर्मीमाथि आक्रमण हुनु निन्दनीय भएको बताए । समाचार रिपोर्टिङक्रममा आगो लगाई जिउँदै जलाइएको घटना दुःखद रहेकाले निष्पक्ष छानबिन गरी दोषी पत्ता लगाई कारबाही गर्न सरकारसँग मागसमेत गरे ।

विरोध कार्यक्रममा उपाध्यक्ष राकेश कुमार यादवले पत्रकार रजकको हत्याको मुख्य दोषी त्यहाँ सुरक्षाका लागि खटिएका प्रहरी नै जिम्मेवार रहेको आरोप लगाए । भवनमा आगो लागेको र त्यहाँ पत्रकार फसेको प्रहरीको उच्च अधिकारीलाइ जानकारी गराउदा पनि कुनै किसिमको प्रतिक्रिया नदेखाएकाले प्रहरी नै जिम्मेवार भएको उनको भनाइ छ । घटना छानबिन गरी दोषीलाइ छिटो भन्दा छिटो कानूनी दायरामा ल्याई कारबाही गर्न र पीडित परिवारलाई उचित राहत उपलब्ध गराउन सरकारसँग माग गरे ।

लोकतन्त्रमा प्रेस स्वतन्त्रता ग्यारेन्टी हुनुपर्ने र यसको जवाफदेहिता सरकारले लिनु पर्नेमा पटक पटक सञ्चार माध्यम र सञ्चारकर्मीमाथि आक्रमण हुँदै आएकाले अबका दिनमा यस्तो घटना नदोहोरिन सरकारलाइ सञ्चारकर्मीहरुले सचेत गराएका छन् ।

बिरोध कार्यक्रममा सहभागी पत्रकारले गृहमन्त्रीको राजीनामा, दोषीमाथि कारबाही, पीडितलाई न्याय देऊ, घटनाको सत्यतथ्य छानबिन गर जस्ता नारा लगाएका थिए । त्यसैगरी मरिएका पत्रकार सुरेश रजकको चिरशान्तिको कामना गर्दै नेपाल पत्रकार महासंघ रौतहट शाखाले श्रद्धाञ्जली सभा र दीप प्रज्वलनसमेत गरेको छ ।

# सर्लाहीमा पनि पत्रकारको आन्दोलन

समाचार संकलनक्रममा पत्रकारको हत्या र सञ्चारगृहमाथि आक्रमणको विरोधमा सर्लाहीका पत्रकारले शनिबार सदरमुकाम मलङ्गवामा प्रदर्शन गरेका छन् । नेपाल पत्रकार महासंघ सर्लाहीको आयोजनामा जिल्लाभरका पत्रकार विरोध ¥यालीमा सहभागी भई कोण सभामा उपस्थित भएका थिए ।

संघीय राजधानी काठमाडौँको तीनकुनेमा राजावादी आन्दोलनक्रममा आगजनी हुँदा एभिन्यूज टेलिभिजनका पत्रकार सुरेश रजकको जलेर मृत्यु भएको थियो । त्यस्तै, आन्दोलनकारीले विभिन्न सञ्चारमाध्यममाथि आक्रमण गरेका थिए । घटनाको विरोधमा नेपालभरका पत्रकार आन्दोलित भएका छन् ।

सर्लाहीमा भएको विरोध ¥याली शहीद चोकबाट शुरु भई नगर परिक्रमा गर्दै जिल्ला प्रशासन कार्यालय अगाडि कोण सभामा परिणत भएको थियो । पत्रकारले 'दोषीलाई कारबाही गर', 'सञ्चारमाध्यममाथि आक्रमण बन्द गर' 'प्रेस स्वतन्त्रता जिन्दावाद,' 'पत्रकार कुट्न पाइँदैन' जस्ता नारा लगाएका थिए ।

कोणसभामा नेपाल पत्रकार महासंघ सर्लाही शाखाका अध्यक्ष ओमप्रकाश ठाकुर, पूर्वअध्यक्ष शङ्कर श्रेष्ठ र नागरिक समाज सर्लाहीका महासचिव शिवचन्द्र चौधरीले सम्बोधन गर्दै जघन्य अपराधमा संलग्न दोषीलाई तत्काल पक्राउ गरी कारबाही गर्न माग गरे । साथै संविधानअनुसार पूर्ण प्रेस स्वतन्त्रता कायम गर्न सरकारलाई दबाब दिने चेतावनी दिए ।

नेपाल पत्रकार महासंघ सर्लाही शाखाले महासंघको स्थापना दिवस प्रभातफेरि तथा पत्रकारको स्वास्थ्य परीक्षण गरेर मनाउने योजना बनाएको थियो । तर, घटनापछि विरोध ¥याली र कोण सभा आयोजना गर्नुपरेको महासंघका अध्यक्ष ठाकुरले बताए ।

उनले पत्रकार सुरेश रजकका परिवारलाई उचित राहत प्रदान गर्न, घाइते पत्रकारको शीघ्र उपचारको व्यवस्था गर्न र सञ्चारगृहमाथि आक्रमण गर्ने दोषीलाई पहिचान गरी कारबाही अघि नबढाए थप सशक्त आन्दोलन गर्ने चेतावनी पनि दिए ।




# चिनी उत्पादन अनुपातमा ह्रास

महोत्तरी ।
गतवर्षको तुलनामा उखुबाट चिनी उत्पादन अनुपातमा ह्रास आएको गौशाला–१ स्थित एभरेष्ट चिनी उद्योगले जनाएको छ । उद्योगका अनुसार चालु आर्थिक वर्षमा एक क्वीन्टल उखुबाट ८.७२ केजी चिनी उत्पादन भएको छ । गतवर्ष सोही परिणामको उखुबाट ९.११ केजी चिनी उत्पादन भएको उद्योगका महाप्रब्धक सुरेन्द्र शुक्लाले बताए ।

उद्योगले यसवर्ष लक्ष्यभन्दा करिब चार लाख क्विन्टल कम उखु 'क्रसिङ्' गरेको छ । गत मङ्सिर २६ गते शुरु भइ फागुन मसान्तसम्म सञ्चालनमा रहेको उद्योगले ३१ लाख चार हजार १ सय ६३ क्विन्टल उखु क्रसिङ् गरेर दुई लाख ७० हजार ५ सय ८८ क्वीन्टल चिनी उत्पादन गरिएको शुक्लाले बताए । गतवर्ष उद्योगले २९ लाख चार हजार ५ सय १२ क्वीन्टल उखु क्रसिङ् गरेर दुई लाख ६४ हजार ५ सय ९१ क्विन्टल चिनी उत्पादन गरेको थियो ।

उखु क्रसिङ् र चिनी उत्पादनको परिमाण बढी देखिए पनि चिनी उत्पादनको अनुपात घटेको उद्योगले जनाएको छ । यसवर्षको उखुबाट चिनी उत्पादन अनुपात घट्नुको कारण खोजि भइरहेको उनले बताए । किसान भने हिउँदमा पानी नपर्दा चिनी उत्पादन घटेको हुनसक्ने बताउँछन् । गत वर्षामा पनि अनुकूल वर्षा नहुनुले उत्पादन अनुपात घटेको हुनसक्ने बर्दिबास–९ पशुपतिनगरका किसान महेन्द्र महतोले बताए ।

यसवर्ष उद्योगले ३५ लाख क्वीन्टल उखु क्रसिङ् गरी तीन लाख १५ हजार क्विन्टल चिनी उत्पादनको लक्ष्य लिएको थियो ।

तर उखु अभाव भएपछि चैतभरि चल्ने क्रसिङ् फागुन मसान्तसम्म मात्र चलेको महाप्रबन्धक शुक्लाले जानकारी दिए । किसानले उखुको उचित मूल्य नपाउँदा उत्पादन वृद्धि हुन सकेको छैन ।

# सिनियर अहेव तथा अनमीको स्तरवृद्धि माग



मधेशदृष्टि
जनकपुरधाम ।
मधेश प्रदेशका सिनियर अहेव तथा अनमी संघर्ष समितिले आफ्नो स्तरवृद्धि माग गर्दै मुख्यमन्त्री कार्यालयअगाडि अनिश्चितकालीन धर्ना दिने घोषणा गरेको छ । समितिको बैठकले सरकारलाई दबाब दिने उद्देश्यले चैत २५ गतेदेखि शान्तिपूर्ण धर्ना शुरु गर्ने निर्णय गरेको संघर्ष समितिका संयोजक मोहन साहले जानकारी दिए ।

संघर्षरत स्वास्थ्यकर्मीले स्थानीय सेवा ऐन, २०८१ मा समावेश गरिएको केही त्रुटिपूर्ण प्रावधानका कारण आफूहरूको स्तरवृद्धि रोकिएको भन्दै यसमा आवश्यक संशोधन माग गर्दै आएका छन् । ऐनमा सुधार नभए थप सशक्त आन्दोलन गर्ने चेतावनी संघर्ष समितिले दिएको छ । यसअघि निर्धारण गरिएको धर्ना कार्यक्रम इस्लाम धर्मावलम्बीको रमजान पर्व तथा हिन्दू धर्मावलम्बीको चैते दशैँ र रामनवमीलाई ध्यानमा राख्दै पछि सारिएको संयोजक साहले बताए । पर्वको समाप्तिपछि मात्रै आन्दोलनलाई निरन्तरता दिने निर्णय समितिले गरेको हो ।

संघर्ष समितिका अनुसार स्थानीय सेवा ऐन, २०८१ को केही प्रावधान स्वास्थ्यकर्मीहरूको पदोन्नति, सेवा सुविधा र स्तरवृद्धि प्रक्रियामा बाधक बनेका छन् । ऐनमा सुधार नगरेसम्म स्वास्थ्यकर्मीको व्यावसायिक विकास सम्भव नहुने उनीहरूको दाबी छ ।

संघर्ष समितिले यसबारेमा प्रदेश सरकारसँग पटकपटक संवाद गर्ने प्रयास गरे पनि ठोस पहल नभएकाले अब आन्दोलन अपरिहार्य भएको बताएको छ ।

संघर्ष समितिले सरकारको ध्यानाकर्षणका लागि धर्ना, ¬याली र ज्ञापनपत्र बुझाउने कार्यक्रम अघि बढाएको छ । यदि सरकारले समयमै माग सम्बोधन गरेन भने आन्दोलनलाई अझै सशक्त बनाइने संघर्ष समितिले चेतावनी दिएको छ ।

स्वास्थ्य सेवा प्रदेशका नागरिकको आधारभूत अधिकारसँग प्रत्यक्ष जोडिएको हुनाले सरकारको ध्यान तत्काल आफ्नो मागतर्फ केन्द्रित गराउन संघर्ष समिति द्दढ रहेको संयोजक साहले बताए । संघर्ष समितिले आफ्नो माग पूरा नभए स्वास्थ्यकर्मी आन्दोलनका थप कार्यक्रम घोषणा गर्न बाध्य हुने स्पष्ट पारेको छ ।

# प्रहरी कार्यालय अगाडि नै महिला मृत फेला

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका–१६ स्थित इलाका प्रहरी कार्यालय नगवा अगाडि शनिबार बिहान महिलाको शव फेला परेको छ । मृतकको पहिचान वीरगंज–४ नर्सिङ क्याम्पस क्षेत्रमा बस्दै आएकी अनसुइया अग्रवालको रूपमा भएको छ । जिल्ला प्रहरी कार्यालय पर्साले मृतकको मृत्युको कारण अझै स्पष्ट नभएको र घटनाको विस्तृत अनुसन्धान जारी रहेको जनाएको छ ।

शव फेला परेपछि प्रहरीले प्रारम्भिक अनुसन्धान थालेको छ । तर, घटनास्थलमा प्रत्यक्षरूपमा कुनै ठोस प्रमाण नभेटिएकाले मृत्युको कारण पत्ता लगाउन थप अनुसन्धान गर्नुपर्ने देखिएको छ । प्रारम्भिक अध्ययनका क्रममा मृतकको टाउको छेउमा घाउ भेटिएको छ । यसको आधारमा जंगली जनावरको आक्रमण वा लडेर घाइते भएको हुनसक्ने आशंका गरिएको छ । तर, प्रहरीले मृतकको शव परीक्षणपछि मात्रै मृत्युको वास्तविक कारण खुल्ने बताएको छ ।

प्रहरीले घटनास्थलको अवस्था र मृतकको शरीरमा देखिएका चोटपटकका आधारमा विभिन्न सम्भावनालाई विचार गरिरहेको छ । अनुसन्धानको क्रममा घटना कसरी भयो भन्नेबारे कुनै प्रत्यक्षदर्शीले ठोस जानकारी उपलब्ध नगराएपछि घटना थप रहस्यमय भएको छ । शव परीक्षणको रिपोर्ट पर्खिरहेको प्रहरीले घटनाको विस्तृत अनुसन्धानलाई तीव्रता दिएको छ ।

शनिबार बिहानै स्थानीयले इलाका प्रहरी कार्यालय नगवा अगाडि शव देखेपछि घटनाले इलाकामा एकाएक त्रासको वातावरण सिर्जना ग¥यो । घटनास्थल प्रहरी कार्यालयको नजिकै रहे पनि घटनाको समयमा कसैले कुनै विशेष गतिविधि देखेको नभएको जानकारी आएको छ । प्रत्यक्षदर्शी स्थानीयहरुका अनुसार शवको अवस्था देख्दा मृत्युको कारण शंकास्पद रहेको र घटना कसरी भयो भन्नेबारे विभिन्न अनुमान गरिए पनि ठोस निष्कर्षमा पुग्न कठिनाइ रहेको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार घटनाको यथार्थ पत्ता लगाउन प्रहरी टोलीले अनुसन्धानलाई तीव्रता दिइरहेको छ । घटनास्थलबाट प्रारम्भिक प्रमाण सङ्कलन गरी शव परीक्षणका लागि वीरगंजस्थित नारायणी अस्पतालमा पठाइएको छ ।

## सम्पादकीय

# मधेशका विपन्न समुदायमा लघुवित्त संस्था

*जसको कोही छैन, उसका लागि जीवन विकास भन्ने मूल नाराका साथ गठन भएको जीवन विकास लघुवित्त संस्थाले रौतहटका विपन्न महिलालाई आसा जगाएको छ । बालबालिकालाई शिक्षादीक्षाको काम गरेको छ । शनिबार जयनगर शाखाले उत्कृष्ट बचतकर्ता, ऋणी र केन्द्रलाई सम्मान गरेर महिलाको भावना समेट्न खोजेको छ । माधवनारायण नगरपालिकाको वडा नम्बर ३ स्थित गजेन्द्र स्मृति अस्पतालमा आयोजित केन्द्र प्रमुख गोष्ठी तथा वित्तीय साक्षरता कार्यक्रममा उनीहरुलाइ सम्मान गरिएको जयनगर शाखाका प्रमुख बालकृष्ण साहले जानकारी दिए। कार्यक्रममा उत्कृट उद्यमी, उत्कृष्ट बचतकर्ता, उत्कृट ऋणी र उत्कृष्ट केन्द्रलाई पनि उपहारसहित सम्मान गरिएका थियो। उत्कृष्ट उद्यमीमा केन्द्र नम्बर ८ कि बबिता कुमारी पण्डित, ४३ कि शर्मिला कुमारी, ११ कि मिना बैठा र ४३ कि चन्द्रिका कुमारीलाई सम्मान गरिएपछि उनीहरु खुसी देखिन्थे। उत्कृष्ट ऋणीमा सकुन्तला देवी, ललिता देवी र रिना रुबिना खातुन सम्मानका भागिदार भए । उत्कृष्ट बचतकर्ता रिना कुमारी राम, ज्योती कुमारी साह, रेखा कुमारी तथा उत्कृष्ट केन्द्र पनि सम्मानित भएको थियो।*

*जगनगर शाखा उत्कृष्ट केन्द्रका रुपमा २५ नम्बर केन्द्र फुलझरी जीवन विकास लघुवित्त घोषणा गरिएको जिल्ला प्रमुख पंकज मण्डलले जानकारी दिए। केन्द्र ४७ द्वितीय, केन्द्र ३५ तृतीय घोषित भए । केन्द्र ३४ र केन्द्र ११ सान्त्वना पुरस्कारका भागिदार भए । संस्थामा आबद्ध गरिब, विपन्न र एकल महिलाका बालबालिकालाइ छात्रवृत्ति प्रदान गरेर अर्को सान्त्वना बटुल्ने काममा जीवन विकास लघुवित्त सफल देखिएको छ । यहाँ पनि ५ परिवारका १० बालबालिकालाई एक वर्षका लागि छात्रवृत्ति गरुडाका नगरप्रमुख कन्थमनी जयसवालले प्रदान गरे। उनीहरुलाइ ब्याग, कपीकलम, पानीको बोतल, औजार बक्स प्रदान गरिएको छ भने पछि आवश्यकताअनुसार एक वर्षका लागि पढाइमा सम्पूर्ण खर्च व्यहोर्ने जीवन विकास लघुवित्तको भनाइ छ। केन्द्रीय कार्यालयको निर्देशनअनुसार केन्द्रका प्रमुख, उपप्रमुख र सदस्यसँग छलफल, वित्तीय साक्षरता, संस्थाबारे विस्तृतरुपमा जानकारी गराइने र केन्द्र प्रमुख गोष्ठी तथा वित्तीय साक्षरता कार्यक्रम गरिने व्यवस्थापन सूचना विभाग प्रमुख कुमोद कुमार मण्डलको भनाइ छ।*

*जयनगर शाखामा शाखाको वर्तमान अवस्थाबारेमा जानकारी गराइएको थियो । उद्घाटन सत्रमा नगरप्रमुख जयसवालले यस्ता कार्यक्रमले नागरिकलाई वित्तीय ज्ञान प्रदान गरी आत्मनिर्भर बन्न मद्दत गर्ने विश्वास व्यक्त गरे। वक्ताहरुले ऋणको सही सदुपयोग भए संस्थाको सपना र विपन्नको समृद्धि संघर्ष सफल हुने बताएका थिए । संस्थाका आन्तिरिक लेखा परीक्षण विभाग प्रमुख बिनोद प्रसाद साहले लघुवित्तकै कारण महिला सक्षम हुँदै गएको दाबी गरे । गरुडा नगरपालिका वडा नम्बर १ का वडाअध्यक्ष शेख वहाब, नेपाल विश्कर्मा लोहार संघका अध्यक्ष विवेक शर्मालगायत विभिन्न केन्द्र प्रमुख, उपप्रमुख, सदस्य, अभिभावक, सुरक्षाकर्मी र पत्रकारको सहभागिता थियो। जे होस्, मधेशका महिलालाई बचत र उद्यममा संस्थाले गरेको कार्य राम्रै देखिएको छ।*

# गाउँगाउँ सिंहदरबार पुग्दा पनि उपेक्षित बालविकास केन्द्र



जितेन्द्र झा/राजविराज

> *सरकारले नीति तथा कानुनी रुपमा एक वर्षे प्रारम्भिक बालविकास शिक्षा अनिवार्य गरे पनि यसको प्रभावकारी कार्यान्वयन भएको छैन। स्थानीय सरकारहरूले शिक्षामा ठूलो बजेट खर्च गरे पनि प्राथमिकताका सूचीमा बालविकास केन्द्रहरू परेका छैनन्। निजी क्षेत्रले महँगा 'माउन्टेसरी' सञ्चालन गरिरहँदा सरकारी बालविकास केन्द्रहरू उपेक्षित छन्।*

नेपालको विद्यालय शिक्षामा सुधारका विभिन्न प्रयास भइरहे पनि प्रारम्भिक बालविकास (ईसीडी) शिक्षा भने अझै उपेक्षाको शिकार छ। २०५८ सालको शिक्षा ऐन सातौं संशोधनपछि सरकारले एक वर्षे पूर्व प्राथमिक शिक्षालाई मान्यता दिएको थियो। त्यसपछि २०७५ सालमा बनेको अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी विधेयकमा चार वर्ष उमेर पुगेका बालबालिकालाई कक्षा एकमा प्रवेश गर्नुअघि एक वर्षको प्रारम्भिक बालविकास शिक्षा अनिवार्य गरिएको छ। तर, व्यवहारमा यी कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेका छैनन्।

बालविकास केन्द्रको प्रारम्भिक अवस्था

नेपालको ग्रामीण क्षेत्रमा बालबालिकालाई विद्यालय शिक्षामा समाहित गराउने उद्देश्यले प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालनमा ल्याइएका थिए। विशेषगरी सप्तरीलगायतका जिल्लाहरूमा समुदायको चासो अनुसार सामुदायिक विद्यालयकै छेउमा बालविकास केन्द्रहरू स्थापना गरिए। ती केन्द्रहरू विद्यालय शिक्षाको आधार तयार गर्ने माध्यमको रूपमा हेरिएको थियो।

तर, स्थापना भएलगत्तै यी केन्द्रहरू विभिन्न चुनौतीको सामना गर्न बाध्य भए। स्थानीय निकायहरूमा जनप्रतिनिधिहरू थिएनन्, बजेट सीमित थियो, भौतिक संरचना कमजोर थिए, प्रशिक्षित जनशक्तिको अभाव थियो। ती केन्द्रहरू सञ्चालन गर्ने जिम्मेवारी जिल्ला शिक्षा कार्यालय (जिशिका) को काँधमा थियो, जसले विद्यालय शिक्षासम्बन्धी समग्र जिम्मेवारी बहन गर्नुपर्ने भएकाले बालविकास केन्द्रहरूको उचित व्यवस्थापन गर्न सकेन।

संविधान कार्यान्वयनपछि स्थानीय निकायहरू स्थानीय तहमा परिणत भए। 'गाउँ-गाउँमा सिंहदरबार' भन्ने नाराका साथ स्थानीय सरकारहरू बलियो बने, उनीहरूको नीति निर्माण, बजेट विनियोजन र कार्यक्रम सञ्चालनमा प्रत्यक्ष पहुँच भयो। स्रोतसाधन व्यवस्थापन पनि पहिलेभन्दा राम्रो अवस्थामा पुगेको छ।

तर, यति सुविधा हुँदाहुँदै पनि बालविकास केन्द्रहरू उपेक्षित नै छन्। स्थानीय तहले शिक्षा क्षेत्रमा हरेक वर्ष लाखौँ खर्च गर्छन्, विद्यालय भवन निर्माण, छात्रवृत्ति, शिक्षक तलबलगायतमा ध्यान दिन्छन्। तर, पूर्व प्राथमिक शिक्षा अर्थात् प्रारम्भिक बालविकास केन्द्रको गुणस्तरीय सुधारमा खासै चासो देखाएका छैनन्।

अहिले पनि गाउँगाउँमा सञ्चालित बालविकास केन्द्रहरू आवश्यक भौतिक संरचना, शैक्षिक सामग्री, सिकाइमैत्री वातावरण र प्रशिक्षित शिक्षकको अभावमा गुज्रिरहेका छन्। कतिपय ठाउँमा यी केन्द्रहरू विद्यालयसँग गाभिएका छन्, कतिपय ठाउँमा त अस्तित्व नै मेटिँदै गएको छ।

**नीजि क्षेत्रको 'माउन्टेसरी' प्रवृत्ति र सरकारी लाचारी:**

प्रारम्भिक बालविकास शिक्षा निःशुल्क रूपमा सरकारले प्रवर्द्धन गर्नुपर्नेमा उल्टै यसको महत्व बुझ्न नसक्दा निजी क्षेत्रले यसलाई अवसरका रूपमा लिएको छ। शहर बजारमा रहेका महँगा 'माउन्टेसरी'हरूमा अभिभावकहरू वार्षिक हजारौँदेखि लाखौँ रुपैयाँसम्म शुल्क तिरेर आफ्ना बालबालिकालाई पठाउन विवश छन्।

यद्यपि, नेपालमा हरेक अभिभावक त्यति ठूलो रकम खर्च गर्न सक्ने अवस्थामा छैनन्। निम्न तथा मध्यम वर्गीय नेपाली अभिभावकहरूका लागि सरकारी बालविकास केन्द्रहरू नै एकमात्र विकल्प हुन्। तर, गुणस्तरीयता नहुँदा ती केन्द्रहरूमा अभिभावकहरूको आकर्षण घटेको छ।

**स्थानीय सरकारको भूमिका र सम्भावना:**

स्थानीय सरकारले चाहेमा हरेक वडामा कम्तीमा एउटा नमुना बालविकास केन्द्र स्थापना गर्न सक्छ। यो कुनै असम्भव कुरा होइन। स्रोतसाधनको अभाव छैन, नीति बनाउने अधिकार पनि छ। तर, इच्छाशक्ति र प्राथमिकतामा बालविकास केन्द्रहरू परेका छैनन्।

गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको व्यवस्था गर्न सकियो भने मात्र आधारभूत शिक्षा सबल हुन सक्छ। बालबालिकाको समग्र विकासका लागि प्रारम्भिक बालविकास शिक्षाको ठूलो महत्त्व रहेको तथ्यलाई स्थानीय सरकारले बेलैमा बुझ्न जरुरी छ। बालविकास केन्द्रहरूमा सुधार ल्याउन नसक्ने हो भने, शिक्षामा भएका अन्य लगानीहरू पनि दीर्घकालीन रूपमा प्रभावहीन बन्ने खतरा रहन्छ।

सरकारले नीति तथा कानुनी रूपमा एक वर्षे प्रारम्भिक बालविकास शिक्षा अनिवार्य गरे पनि यसको प्रभावकारी कार्यान्वयन भएको छैन। स्थानीय सरकारहरूले शिक्षामा ठूलो बजेट खर्च गरे पनि प्राथमिकताका सूचीमा बालविकास केन्द्रहरू परेका छैनन्। निजी क्षेत्रले महँगा 'माउन्टेसरी' सञ्चालन गरिरहँदा सरकारी बालविकास केन्द्रहरू उपेक्षित छन्।

यदि स्थानीय सरकारले अब पनि बालविकास केन्द्रहरूको सुधारमा चासो देखाएन भने विद्यालय शिक्षाको जग नै कमजोर रहिरहनेछ। शिक्षा क्षेत्रको दीर्घकालीन सुधार चाहने हो भने, बालविकास केन्द्रहरूको अवस्था सुधार्न ढिलाइ गर्नु हुँदैन। स्थानीय सरकारहरूले अब विलम्ब नगरी हरेक वडामा नमुना बालविकास केन्द्र स्थापना गरेर समग्र बालबालिकाका लागि समान अवसर सुनिश्चित गर्नुपर्छ।

# थाइल्याण्ड र म्यान्माका भूकम्प पीडितका लागि सहायता र आश्वासन

**–एएफपी**



युद्धग्रस्त म्यान्मा र छिमेकी मुलुक थाइल्याण्डमा गएको शक्तिशाली भूकम्पमा परी एक हजारभन्दा बढीको मृत्यु हुनुका साथै व्यापक क्षति भएको छ। विश्व समुदायबाट भूकम्प प्रभावित क्षेत्रमा आर्थि राहत तथा सहायता र भौतिक सहयोग आउने क्रम जारी रहेको छ । भूकम्पका कारण म्यान्मामा हजारौँ व्यक्ति मारिएका हुनसक्ने घटनास्थलमा पुगेका सहयोगी समूहहरूले जानकारी गराएका छन्।

**विश्व स्वास्थ्य सङ्गठन**

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले भूकम्पपछिको 'ट्रमा इन्जुरी' सामग्री तयार गर्न दुबईमा रहेको आफ्नो केन्द्रलाई परिचालन गरिरहेको र यसको आपतकालीन व्यवस्थापन प्रतिकार्यलाई गति दिएको जनाएको छ।

प्रवक्ता मार्गरेट ह्यारिसले जेनेभास्थित मुख्यालयबाट भूकम्प प्रतिकार्यका लागि समन्वय गरिरहेको जानकारी दिँदै भने, 'हामी यसलाई ठूलो घटनाका रुपमा हेरिरहेका छौँ।'

**चीन**

बेइजिङको आपतकालीन व्यवस्थापन मन्त्रालयले शनिबार ८२ जनाको उद्धार टोली म्यान्मा पठाएको जनाएको छ । चीनको युनानबाट एउटा छुट्टै उद्धार टोली शनिबार म्यान्माको व्यापारिक केन्द्र याङ्गुन आइपुगेको सीसीटीभीले जनाएको छ । चीन सरकारले म्यान्मालाई आपतकालीन मानवीय सहायताका लागि १० करोड युआन (एक करोड ३८ लाख अमेरिकी डलर) पनि उपलब्ध गराउने घोषणा गरेको छ।

**भारत**

म्यानमामा शनिबार एक भारतीय सहायता विमान अवतरण गरेको छ ।भारतीय विदेशमन्त्री सुब्रमण्यम जयशङ्करले सी–१३० सैन्य परिवहन विमानलाई हाइजिन किट, कम्बल, खाद्य पार्सल र अन्य आवश्यक सामग्रीहरू लिएर पठाइएको जानकारी दिए। उनले भने, 'सहयोग लिएर गएको उडानमा खोजी तथा उद्धार टोली र मेडिकल टोली पनि रहेको छ।' उनले घटनाक्रमको अनुगमन जारी राख्ने र थप सहयोग पठाइने पनि उल्लेख गरे।

**अमेरिका**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले म्यान्मा भूकम्पपछि त्यहाँको प्रभावित क्षेत्रका वासिन्दालाई सहयोग गर्ने बताए। 'यो भयानक प्राकृतिक विपत्ति भएको छ,' ट्रम्पले ओभल अफिसमा पत्रकारसँग भन्नुभयो। 'यो वास्तविक एक विनाशकारी विपत्ति हो । हामी मद्दत गर्नेछौँ। हामीले प्रभावित मुलुकसँग कुरा गरिसकेका छौँ।'

दक्षिण कोरिया

दक्षिण कोरियाको विदेश मन्त्रालयले भूकम्पपछि 'तत्काल उद्धार र राहत कार्यमा सहयोग गर्न' २० लाख अमेरिकी डलर मानवीय सहायता पठाउने जनाएको छ । 'कोरियाली सरकारले आफ्नो सहयोगले प्रभावित क्षेत्रमा जीवन बचाउन र दुःख कम गर्न मद्दत गर्ने आशा गरेको छ,' मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ । सियोलले पनि स्थितिको मूल्याङ्कन र प्रभावित मुलुकसँग राय लिई थप सहयोग पठाउन सक्ने बताएको छ।

**इरान**

इरानको विदेश मन्त्रालयले शनिबार म्यान्मा र थाइल्याण्डका जनता र सरकारप्रति तेहरानको समवेदना पठाउँदै मानवीय प्रयासमा सहयोग गर्न तयार रहेको बताएको छ। 'विदेश मन्त्रालयका प्रवक्ता इस्माईल बाकाइद्वारा हस्ताक्षरित एक विज्ञप्तिमा 'राहत र उद्धार प्रक्रियामा सहयोग गर्न इरान तयार रहेको घोषणा गरिएको छ।'

**मलेसिया**

मलेसियाको विदेश मन्त्रालयले म्यान्मामा पनि टोली पठाउने जनाएको छ । मन्त्रालयका अनुसार एक जना कमाण्डरसहित ४९ जना तालिमप्राप्त उद्धारकर्मीले जारी मानवीय तथा विपद् राहत कार्यमा सहयोग पु¥याउने छन् ।म्यान्मा र थाइल्याण्ड सदस्य रहेको दक्षिणपूर्वी एशियाली समूह आसियान दुवै देशलाई सहयोग गर्न तयार रहेको विदेशमन्त्री मोहम्मद हसनले बताउनुभयो।

**इन्डोनेसिया**

इन्डोनेसियाका राष्ट्रपति प्राबोवो सुबियान्तोले म्यानमा र थाइल्याण्डप्रति समवेदना प्रकट गर्दै सहयोगको प्रस्ताव गरेका छन् । 'यस कठिन घडीमा हाम्रो विचार र प्रार्थना दुवै देशका जनताको साथमा छ,' उनले लेखेका छन्, 'इन्डोनेसिया प्रभावित क्षेत्रमा उद्धारप्रयासका लागि आवश्यक सबै सहयोग गर्न तयार छ।'

**म्यानमामा मर्ने हजार नाघे**

म्यान्माको सागिङ सहरमा केन्द्रविन्दु भई म्यान्मा र थाइल्यान्डमा शुक्रबार गएको भूकम्पमा परी मृत्यु हुनेको सङ्ख्या शनिबार एक हजारभन्दा बढी पुगेको छ भने खोजी तथा उद्धार कार्य जारी रहेको जनाइएको छ । मध्य म्यान्माको सागिङ शहरको उत्तरपश्चिममा शुक्रबार ७.७ म्याग्निच्युडको भूकम्प गएको र त्यसको केही मिनेटपछि ६.७ म्याग्निच्युडको पराकम्प आएको थियो । भूकम्पले म्यान्मामा भवन, पुल र सडकका साथै १७ लाखभन्दा बढी मानिसहरूको घरमा क्षति पुगेको थियो।

म्यान्मामा कम्तीमा एक हजार दुई जनाको मृत्यु भएको र करिब दुई हजार ४ सय जना घाइते भएको म्यान्मा सरकारले विज्ञप्तिमा जनाएको छ । भूकम्पको कारण बैङ्ककमा थप १० जनाको मृत्यु भएको र कम्तीमा १ सय जना हराइरहेको पुष्टि भएको छ । भूकम्पका कारण सञ्चार प्रणाली अवरुद्ध भएपछि, प्रकोपको वास्तविक तथ्याङ्क सरकारले सार्वजनिक गरिरहेको छ भने मृतकको सङ्ख्या अझै बढ्ने आशङ्का गरिएको छ । विमानस्थल तथा सडकहरु बन्द रहेकाले राहत तथा उद्धार सामाग्री पुर्याउने काममा समेत समस्या भइरहेको जनाइएको छ।

आवासीय भवनमा ९० भन्दा बढी फसेको आशङ्का

मध्य म्यान्माको मान्डलेमा विनाशकारी भूकम्पका कारण ध्वस्त भएको एक अपार्टमेन्ट ब्लकमा भग्नावशेषभित्र ९० जनाभन्दा बढी मानिस फसेको हुनसक्ने रेडक्रसका एक अधिकारीले शनिबार बताए । शुक्रबार गएको ७.७ म्याग्निच्यूडको भूकम्पबाट सबैभन्दा बढी प्रभावित मान्डलेका भवनमध्ये 'स्काई भिल्ला कन्डोमिनियम डेभलपमेन्ट' पनि एक हो।

उक्त भवनको भग्नावशेषबाट 'नौ जनाको मृत शरीर र ४४ जनालाई जीवितै निकालिएको छ,' घटनास्थलमा रहेका रेडक्रसका एक अधिकारीले नाम नबताउने शर्तमा एएफपीसँग भने । उनले भने, '९० जनाभन्दा बढी मानिस भित्र हुन सक्छन् । हामी अझै पनि डाटा सङ्कलन गरिरहेका छौँ । हराएका परिवारका सदस्यहरूको खोजी गरिरहेका छन् र हामीले सूचना सङ्कलन गरिरहेका छौँ।'

भूकम्पका कारण म्यान्मामा एक हजारभन्दा बढी मानिसको मृत्यु भएको छ तर सञ्चार सेवा नराम्ररी अवरुद्ध भएको छ । विपत्तिको वास्तविक परिमाण बाहिर आउन थालेको छ । यो दशकौँपछिको देशको सबैभन्दा ठूलो भूकम्प हो जसमा १७ लाखभन्दा बढी जनसङ्ख्या भएको दोस्रो ठूलो शहर मान्डले नराम्ररी प्रभावित भएको छ । भूकम्पका कारण स्काई भिल्ला कोन्डोको १२ तल्लामध्ये छ तला मात्र दखिएको छ । भूकम्पले सडक तथा पुलहरू भत्काएको कारण भग्नावशेष हटाउनका लागि आवश्यक साधनहरू लिएर प्रभावित क्षेत्रमा पुग्न समस्या भइरहेको छ । स्थानीय स्तरमा उपलब्ध डोजर र स्काईभेटरले विशेषज्ञहरूको सहयोगमा काम गरिरहेका छन्।

# व्यापार व्यवसायमा सुरक्षा सुनिश्चित गर्न माग

**काठमाडौँ ।**
शुक्रबार तिनकुने क्षेत्रमा भएका हिंसात्मक आन्दोलन, तोडफोड, लुटपाटजस्ता अराजक गतिविधिको विरोध जनाउँदै निजी क्षेत्रका पेसागत सङ्गठनले दोषीलाई कारबाहीको माग गरेका छन् । नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घलगायत निजी क्षेत्रका छाता संस्थाले छुट्टाछुट्टै विज्ञप्ति जारी गर्दै सुरक्षित रूपमा व्यापार व्यवसाय गर्न पाउने अधिकार सुनिश्चित गर्न माग गरेका हुन् ।
महासङ्घले निजी सम्पत्ति, सञ्चारगृह, व्यावसायिक प्रतिष्ठान, विभिन्न कार्यालय तथा व्यापारिक गतिविधिमा भएको आक्रमण, आगजनी तथा लुटपाटको विरोध जनाउँदै क्षतिपूर्तिको मागसमेत गरेको छ । 'संविधानप्रदत्त अधिकारभित्र रहेर आफ्ना माग राख्न पाइए पनि हिंसक आन्दोलन एवम् प्रदर्शनका साथै लुटपाट, आगजनी, धनजनको क्षति र व्यक्तिगत सम्पत्तिमाथि आक्रमण निन्दनीय छ । कुनै पनि स्वरूपमा हुने यस प्रकारका घटनाप्रति महासङ्घ घोर निन्दा र भत्र्सना गर्दछ,' महासङ्घको विज्ञप्तिमा भनिएको छ । सार्वजनिक सुरक्षा सुनिश्चित गर्न र यस्ता घटनाको पुनरावृत्ति रोक्न पनि महासङ्घले आग्रह गरेको छ ।
यस्तै, उद्योग परिसङ्घले अराजक गतिविधि गर्नेलाई कानुनी दायरामा ल्याउन माग गरेको छ । 'शुक्रबार निजी सम्पत्ति तथा सञ्चारगृहमा भएको तोडफोड, आगजनी, तथा व्यावसायिक प्रतिष्ठानमा भएको लुटपाटको घटना अत्यन्त दुःखद् हो । विभिन्न माग राखी आन्दोलन, प्रदर्शन गर्दा आमनागरिक, विभिन्न पेसा, व्यवसायमाथि भौतिक आक्रमण, व्यक्तिगत सम्पत्तिमाथि आगजनी, व्यावसायिक प्रतिष्ठानमा तोडफोड एवं लुटपाटजस्ता कार्य जहिले पनि निन्दनीय छ,' जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'निजी तथा सार्वजनिक सम्पत्तिमा तोडफोड तथा आगजनी, लुटपाटजस्ता अराजक गतिविधि गर्नेलाई कानुनी दायरामा ल्याई सुरक्षित रूपमा व्यापार, व्यवसाय, पेसा गर्न पाउने अधिकारलाई सुरक्षित बनाउन परिसङ्घ माग गर्दछ ।' विभिन्न माग राखी आन्दोलन, प्रदर्शन गर्न पाउने अधिकार सुरक्षित भए पनि यस्ता कार्यले अरु कसैको अधिकार हनन् गर्न हुँदैन भन्नेतर्फ समेत सचेत हुन निजी क्षेत्रले आग्रह गरेको छ । रासस

# आन्दोलन र प्रदर्शनीबाट नागरिकलाई खतरामा नपार्न आग्रह




**गण्डकी ।**
जुनसुकै नामका आन्दोलन र प्रदर्शनीबाट आमनागरिकको जीवन खतरामा नपार्न सरोकार भएकाहरूले सबै पक्षलाई आग्रह गरेका छन् । शनिबार पोखरामा समसामयिक राजनीतिक विषयका सम्बन्धमा प्रजातान्त्रिक विचार समाज नेपालद्वारा आयोजित गण्डकी प्रदेशस्तरीय भेलामा सहभागी वक्ताले कुनै पनि आन्दोलनका नाममा मानवीय तथा भौतिक क्षति पु¥याउने काम दण्डनीय भएको बताएका हुन् ।
प्रजातान्त्रिक विचार समाजका केन्द्रीय अध्यक्ष कुलचन्द्र वाग्लेले धर्मलाई राजनीतिसँग जोड्न नहुने धारणा राखे ।
लोकतन्त्रले हिंसा गर नभनेकाले हिंसा दण्डनीय अपराध भएको बताउँदै उनले भने, 'राष्ट्रियताको प्रतिक राजा हुन सक्दैनन्, राजा खोपीमा हुँदा पनि राणाले देश जोगाएकै थिए । हरेक नेपालीमा राष्ट्रप्रतिको माया हुन्छ ।'
समाजका निवर्तमान अध्यक्ष डा केदारनरसिंह केसीले देशमा राजनीतिक अस्थिरता ल्याउने काम कहीँ कतैबाट हुन नहुने बताउँदै लोकतन्त्र समृद्ध मुलुक निर्माणका लागि उत्कृष्ट व्यवस्था भएको धारणा राखे । लोकतन्त्रमा सबै अट्न सक्ने र शान्तिपूर्ण रूपमा आफ्ना माग राख्न पाउने अधिकार हुँदाहुँदै पनि आन्दोलनका नाममा मानवीय तथा भौतिक क्षति पुऱ्याउने कार्य दण्डनीय भएको उनले बताए ।
समाजका वरिष्ठ उपाध्यक्ष ईश्वरीराज लौडारीले असन्तुष्टिका विषयलाई सम्बोधन गर्न संविधान संशोधनमार्फत पनि अगाडि बढ्न सकिने धारणा राख्दै प्रदर्शनका नाममा द्वन्द्व सृजना गरी नागरिकको जीवन खतरामा पार्न नमिल्ने बताए । महिला उपाध्यक्ष अनार बस्नेतले बिपीको सिद्धान्त र विचारलाई आमजनता माझ अझै प्रभावकारी रूपमा लैजानुपर्ने आवश्यकता औँल्याइन् । समाजका महासचिव डा. वासुदेव भण्डारीले लोकतन्त्रमा नागरिक स्वतन्त्रता रहेको बताउँदै यसको विकल्प अरु हुन नसक्ने धारणा राखे ।
समाजका कास्की जिल्ला अध्यक्ष डा वीरबहादुर कार्कीले विभिन्न कार्यक्रमका माध्यमबाट बिपीको विचारलाई जनसमक्ष पु¥याउनुुपर्नेमा जोड दिए । समाजका केन्द्रीय सदस्य कमलमोहन वाग्लेले लोकतन्त्रमा सुशासन दिन नसक्नुले जनतामा असन्तुष्टि पैदा भएको बताउँदै राजनीतिक दल जनताप्रति समर्पित भएर काम गर्नुपर्नेमा जोड दिए । संविधानको सवल र कमजोर पक्षका बारेमा सार्वजनिक रूपमा छलफल गर्न जरुरी भएको उनको भनाइ छ ।
कार्यक्रममा नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त बराल, समाजका केन्द्रीय सदस्य ऋषिराम सापकोटा, गण्डकी प्रदेशका मुख्य न्यायाधिवक्ता चिरञ्जिवी पौडेल, प्राडा यामबहादुर पौडेल क्षेत्री, कमलमोहन वाग्ले, प्राडा पद्मशरण रेग्मी, नरेन्द्र गुरुङलगायत वक्ताले बिपीको चिन्तनलाई आत्मसात गर्दै अघि बढ्नुको विकल्प नभएको धारणा राखे ।
भेला तथा अन्तरक्रियाले समाजको आठ बुँदे धारणा सार्वजनिक गरेको छ । धारणापत्रमा जुनसुकै नाममा गरिने आन्दोलन र प्रदर्शनबाट आमनागरिकको जीवन खतरामा पार्न नहुने उल्लेख गरिएको छ । जनताको अथक प्रयासबाट प्राप्त परिवर्तन कुनै दल, नेता, गुट र स्वार्थ समूहलाई पोस्नका लागि नभएको भन्दै धारणापत्रमा पछिल्लो दुई दशक दलीय, गुटीय र नेताको शासन बलियो बनाउने ध्येयमा लाग्दा जनतामा निराशा छाएको उल्लेख गरिएको छ ।

**समाजका पदाधिकारीलाई स्वागत**

प्रजातान्त्रिक विचार समाजका केन्द्रीय अध्यक्ष वाग्लेसहित पदाधिकारी तथा सदस्यलाई नेपाली कांग्रेस गण्डकी प्रदेश समितिले पोखरामा स्वागत गरेको छ ।
समाजका अध्यक्ष वाग्ले, निवर्तमान अध्यक्ष डा. केसीलागयत प्रतिनिधिमण्डललाई कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्मा, महामन्त्री विष्णुप्रसाद लामिछाने, प्रवक्ता माधवप्रसाद बास्तोला, प्रचार विभाग उपप्रमुख शिरोमणि बराललगायतले स्वागत गरे ।
गण्डकी प्रदेश सभापति शर्मा, महामन्त्री लामिछाने, समाजका अध्यक्ष वाग्ले, निवर्तमान अध्यक्ष केसीलगायतले समसामायिक राजनीतिक परिस्थिति, बिपी चिन्तन, प्रजातान्त्रिक विचारलगायत विषयमा आ–आफ्ना धारणा राखेका थिए । कार्यक्रममा कांग्रेस गण्डकी प्रदेशले सञ्चालन गरेको बिपी स्मृति पुस्तकालयको अवलोकन गर्नुका साथै समाजद्वारा प्रकाशित पुस्तक 'चिन्तनः नेतृत्व विशेष' हस्तान्तरण गरिएको थियो । रासस

# स्वतन्त्र प्रेस जोगाउन सञ्चार जगत् एकताबद्ध हुनुपर्छः प्रचण्ड

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पूर्वराजाका समर्थकले गरेको तोडफोड र आगजनीका घटना कुनै हालतमा क्षम्य नभएको बताएका छन् । प्रेस सेन्टर नेपालको पाँचौँ राष्ट्रिय महाधिवेशनको शनिबार उद्घाटन गर्दै उनले सार्वजनिक तथा निजी सम्पत्ति तोडफोड र आगजनी गर्नेमाथि कडा कारबाही गर्न सरकारको ध्यानाकर्षण गराए ।
'गणतन्त्रवादीले निरङ्कुशतावादी र आपराधिक मनस्थितिका मान्छेलाई कडा कारबाही गरेर जनतहितमा अगाडि बढ्ने यो सही समय हो', अध्यक्ष दाहालले भने, 'सरकारले यो बेलामा कडा कदम चाल्यो भने हाम्रो समर्थन हुन्छ, तर सरकारले फेरि सम्झौता गर्ने र उनीहरुलाई मनोमनी गर्ने अवसर दियो भने त्यसले देशलाई फाइदा गर्दैन ।'
राजावादीले स्वतन्त्र प्रेसलाई आक्रमणको निशाना बनाएको उल्लेख गर्दै अध्यक्ष दाहालले समाजलाई पछाडि धकेल्ने प्रवृत्तिविरुद्ध सिङ्गो सञ्चार जगत् एकताबद्ध हुनुपर्नेमा जोड दिए । 'अग्रगमन, शान्ति, विकासको चेतना फैलाउने प्रेस सामन्तीको निशाना बन्यो,' उनले भने, 'निरङ्कुश प्रवृत्ति रोक्न सञ्चार क्षेत्रले विशेष भूमिका निर्वाह गर्नुपर्छ, यसो गर्न विलम्ब नगर्नुहोला ।'
मुलुकको राजनीतिक परिवर्तनमा विगतदेखि नै सञ्चार क्षेत्रको योगदान रहेको जनाउँदै अध्यक्ष दाहालले लामो सङ्घर्षबाट स्थापित सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई सुदृढ बनाउन प्रेसको अझ सशक्त हुनुपर्ने बताए । साथै उनले उत्कृष्ट पत्रकार तथा सेन्टरका शाखाहरुलाई सम्मान गरे । माओवादी केन्द्रका उपाध्यक्ष अग्निप्रसाद सापकोटाले मुलुक समाजवादी यात्रामा अघि बढिसकेकाले पश्चगमनतर्फ फर्कने प्रयास कुनै हालतमा मान्य नहुने बताए । पार्टीका उपमहासचिव जनार्दन शर्माले गणतन्त्रवादी शक्तिले आफूलाई सुधारेर सामन्तवादका विरुद्ध एकताबद्ध हुँदै जनभावनाको कदर गर्नुपर्ने बताए । प्रेस सेन्टरका संस्थापक महेश्वर दाहालले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षमा सङ्गठन सदैव क्रियाशील हुने बताए । नेपाल पत्रकार महासङ्घ, प्रेस युनियन नेपाल, प्रेस चौतारी नेपाललगायत पत्रकार सङ्घसङ्गठनका अध्यक्ष तथा प्रतिनिधिले गणतन्त्रको विकल्प निरङ्कुश राजतन्त्र हुननसक्ने भन्दै प्रेस स्वतन्त्रता र जनअधिकार रक्षाका लागि खबरदारी गरिरहने प्रतिबद्धता व्यक्त गरे । रासस

# राष्ट्रपति पौडेलद्वारा घोडेजात्रा अवलोकन



**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले घोडेजात्रा २०८१ का अवसरमा नेपाली सेनाद्वारा शनिबार टुँडिखेलमा आयोजित समारोहको अवलोकन गरेका छन् ।
समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री केपी शर्मा ओली, सभामुख देवराज घिमिरे, राष्ट्रियसभा अध्यक्ष नारायण दाहाल, प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, उपप्रधानमन्त्री, मन्त्री, नेपालस्थित कूटनीतिक नियोगका प्रमुख एवम् प्रतिनिधिलगायत उच्च पदस्थ अधिकारीहरूको सहभागिता रहेको थियो ।
त्यस अवसरमा राष्ट्रपति पौडेलले नेपाली सेनाद्वारा प्रदर्शन गरिएको अश्वकलाको अवलोकन गरे ।समारोहमा घोडा दौड, घोडा जम्पलगायत विभिन्न रोचक कला प्रदर्शन गरिएका थिए । घोडाले गर्ने सामान ओसारपसार, यात्राको साधन, कृषि, शिकार, लडाइँ, उत्सव, खेलका झलक पनि कार्यक्रममा देखाइएका थिए । त्यस अवसरमा कुकुरबाट पनि विभिन्न कला प्रदर्शन गराइएका थिए । प्रदर्शनमा उत्कृष्ट हुनेलाई राष्ट्रपति पौडेलले पुरस्कार प्रदान गरे ।
प्रत्येक वर्ष चैत्र कृष्ण औँसी तिथिमा काठमाडौँ उपत्यकामा परम्परागत घोडेजात्रा पर्व विविध कार्यक्रमसहित मनाउने गरिन्छ । किंवदन्तीअनुसार टुँडिखेलको पूर्व–दक्षिण दिशामा रहेको एउटा रूखमा बास गर्ने गुरुमापा भन्ने राक्षसले सहरका बालबालिकालाई खाने गरेकाले पीडित स्थानीयवासीले विभिन्न उपायले त्यसलाई संहार गरे पनि उसको प्रेतात्मा फेरि जागा भई बालबालिकालाई अनिष्ट गर्नसक्ने भय तिनमा रहिरह्यो ।
यसै कारण प्रत्येक वर्ष चैत्र कृष्ण औँसीका दिन घोडेजात्रा गरी गुरुमापाको आत्मालाई घोडाको टापले कुल्चाएर दबाउने गरिएको हो । साथै सहरका कुनै पनि बालबालिकामाथि खतरा नहोस् भनी आजै राति त्यही रूखको फेदमा गुरुमापालाई खानेकुरा पनि दिइन्छ । आजकै दिन ललितपुरमा पनि एउटा कानो घोडा दौडाएर घोडेजात्रा मनाउने परम्परा रहेको जनाइएको छ ।

# रजकप्रति श्रद्धाञ्जली, महासङ्घ विरोधमा



**काठमाडौँ ।**
पूर्वराजा समर्थकहरूको हिंसात्मक आन्दोलनमा परी मृत्यु भएका पत्रकार तथा सञ्चारकर्मी सुरेश रजकप्रति श्रद्धाञ्जली अर्पण गरिएको छ । नेपाल पत्रकार महासङ्घको अगुवाइमा पत्रकार रजकको मृत्युको सत्यतथ्य पत्ता लगाएर दोषीमाथि कडा कारबाहीको माग गर्दै शनिबार बिहान माइतीघरमा विरोध प्रदर्शन गरिएको छ ।
शुक्रबार पूर्वराजा समर्थकहरूको समूहले गरेको आन्दोलनको भिडिओ खिच्ने क्रममा एभिन्युज टेलिभिजनका क्यामेरापर्सन रजकको शव जलेको अवस्थामा भेटिएको थियो । पत्रकार महासङ्घका कार्यबाहक अध्यक्ष दीपक आचार्यले पत्रकारको जिउधनको सुरक्षाका लागि सम्पूर्ण पत्रकारहरू एकताबद्ध भएर लाग्नुपर्नेमा जोड दिए । उनले मृतक पत्रकार रजकलाई न्याय दिलाउन महासङ्घ निरन्तर लाग्ने प्रतिबद्धता व्यक्त गरे ।
विरोध प्रदर्शनमा पत्रकार महासङ्घका पूर्वअध्यक्षहरू तारानाथ दाहाल, धर्मेन्द्र झा, शिव गाउँलेलगायतको उपस्थिति थियो । विरोधका कार्यक्रममा प्रेस युनियन, प्रेस चौतारी, प्रेस सेन्टर नेपालका नेताहरूले पत्रकार रजकलाई न्याय दिन र उनका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन माग गरे । बदलिएको परिस्थितिका कारण महासङ्घ स्थापना दिवसका अवसरमा गर्न लागिएका पूर्वनिर्धारित सम्पूर्ण कार्यक्रम स्थगित गरी प्रदर्शनमा उत्रिएको महासङ्घका केन्द्रीय कोषाध्यक्ष रामकृष्ण अधिकारीले जानकारी दिए ।
उनका अनुसार शनिबारै पत्रकार महासङ्घको उपलब्ध केन्द्रीय सदस्यहरूको आकस्मिक बैठक बसेर थप सङ्घर्षका कार्यक्रम तय गर्ने र सञ्चार तथा सूचनाप्रविधिमन्त्रीलाई भेटेर ज्ञापनपत्र बुझाउनेलगायका कार्यक्रम महासङ्घले गर्नेछ ।

# जनआन्दोलन महिला अधिकार सुनिश्चित गर्न बलियो आधारशीला

**लुम्बिनी ।**
पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले विसं २०६२–६३ को जनआन्दोलनले महिला अधिकार सुनिश्चित गर्न बलियो आधारशिला निर्माण गरेको बताएकी छिन् । उनले जनआन्दोलनपछि पुनःस्थापित प्रतिनिधिसभाले महिलाका अधिकारसम्बन्धी पारित 'विशेष प्रस्ताव' को जगमा उभिएर २०७२ सालमा जारी संविधानले महिलाको ३३ प्रतिशत प्रतिनिधित्वको संवैधानिक व्यवस्था गरेको बताइन् ।
रुपन्देहीस्थित सिद्धार्थनगर नगरपालिकाद्वारा आयोजित 'लुम्बिनी प्रदेशभित्रका महिला जनप्रतिनिधिहरूका बीचमा कार्यसम्पादनमा आइपरेका समस्या र समाधान' विषयक अन्तरसंवाद कार्यक्रममा सम्बोधन गर्दै पूर्वराष्ट्रपति भण्डारीले वर्तमान संविधानमा महिलाका आधारभूत अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित भएकाले नै तीनै तहका सरकार, संसद् तथा नीतिनिर्माण निकायमा महिलाको सहभागिता उल्लेखनीय रूपमा वृद्धि हुनुका साथै उनीहरूको भूमिका झन् सशक्त हुँदै गएको बताइन् ।
यसैगरी, शिक्षा, स्वास्थ्य, रोजगारी, सम्पत्तिको स्वामित्व र श्रम सहभागिताजस्ता क्षेत्रमा उल्लेखनीय सुधार भएसँगै नेपालको समग्र लैङ्गिक विकास सूचकाङ्कमा पनि सकारात्मक प्रगति देखिएको उनको भनाइ थियो । 'यसैको परिणामस्वरुप महिला सशक्तीकरण र लैङ्गिक समानताको क्षेत्रमा नेपालले हासिल गरेका उपलब्धिहरू विश्व महिला आन्दोलनका लागि प्रेरणादायी बनेका छन्,' उनले भनिन्, 'हालसम्म प्राप्त उपलब्धिहरूको रक्षा गर्दै संविधान प्रदत्त महिला अधिकारको पूर्ण कार्यान्वयन गर्न तथा पूर्ण लैङ्गिक समानताको लक्ष्य हासिल गर्ने हाम्रो अभियानलाई हामीले निरन्तरता दिनुपर्दछ ।'
पूर्वराष्ट्रपति भण्डारीले पछिल्लो निर्वाचनका क्रममा राजनीतिक दलहरूबीच भएका गठबन्धनका कारण कतिपय अवस्थामा संवैधानिक प्रावधानविपरीत महिला प्रतिनिधित्वको अनुपात घटेको भन्दै असन्तुष्टिसमेत व्यक्त गर्दै आगामी निर्वाचनमा राजनीतिक दलहरूले यस विषयमा विशेष ध्यान पु¥याउन आग्रह गरिन् । उनले प्रदेश तथा स्थानीय तहमा अधिकांश महिला जनप्रतिनिधिहरू समानुपातिक प्रणालीबाट आएका र अधिकांश पुरुष सांसदहरू प्रत्यक्ष निर्वाचन प्रणालीबाट आएको उल्लेख गर्दै महिला भएकै कारण समानुपातिक प्रणालीबाट आएका जनप्रतिनिधिलाई विभेद हुने गरेको गुनासो आउने गरेको बताइन् । यस खालको विभेद हुनु भनेको दुःखद् मात्र नभएर संविधान र कानुनी मापदण्ड प्रतिकूल हुने उनको भनाइ थियो ।
'जनप्रतिनिधि महिला भनेका सामान्य महिला होइनन्, उनीहरू जनताले चुनेका नेता हुन् । त्यसैले, उनीहरूमाथि हुने कुनै पनि प्रकारको विभेद स्वीकार्य हुँदैन,' उनले भनिन्, 'यस्तो विभेदको प्रतीकार गर्दै अधिकार सुनिश्चित गर्न उनीहरूले पनि आवश्यक राजनीतिक, प्रशासनिक तथा व्यवस्थापकीय क्षमताको अभिवृद्धि गर्न आवश्यक छ ।' पूर्वराष्ट्रपति भण्डारीले सामुदायिक विद्यालयका विद्यार्थीहरूका लागि सञ्चालन भइरहेका दिवाखाजा कार्यक्रमलाई प्रभावकारी बनाउन स्थानीय अग्र्यानिक खाद्य पदार्थको प्रयोग गर्नुमा जोड दिइन् ।
उनले यसले नवपुस्ताको स्वास्थ्य र पोषणमा सुधार गर्नुका साथै स्थानीय अर्थतन्त्रलाई पनि चलायमान बनाउने भएकाले कार्यक्रमलाई सफल बनाउन लुम्बिनी प्रदेशका महिला जनप्रतिनिधिहरूको बृहत् भेलामार्फत आग्रह गरिन् । रासस

# सुदूरपश्चिमका उद्योगमन्त्रीद्वारा राजीनामा

**सुदूरपश्चिम ।**
सुदूरपश्चिम प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री लक्ष्मणकिशोर चौधरीले राजीनामा दिएका छन् । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा शनिबार बिहान पत्रकार सम्मेलन गरेर पदबाट राजीनामा दिएको घोषणा मन्त्री चौधरीले गरे । गैरकानूनी ढङ्गले आर्थिक गतिविधिमा संलग्न भएको श्रव्य सामग्री सार्वजनिक भएपछि नैतिकताका आधारमा उनले राजीनामा दिएका हुन् ।

उनले पत्रकारमाझ भने, 'म निर्दोष छु, दोषी भए सजाय भोग्न तयार छु ।' नेपाली कांग्रेसका नेता एवम् मुख्यमन्त्री कमलबहादुर शाह नेतृत्वको सरकारमा उनी नागरिक उन्मुक्ति पार्टीका तर्फबाट मन्त्री भएका थिए । रासस

# 'लाछाको डोरी' बाट व्यावसायिकतातर्फ उन्मुख



**स्याङ्जा ।**
पुतलीबजार नगरपालिका–३ बस्ने २४ वर्षीया अनुशा मियाँको हातमा केही सीप थिएन । उनलाई हातमा कुनै पनि सीप नभएपछि घरधन्दा मात्रै गरेर बस्नुपर्ने बाध्यता थियो । अब भने उनको सोचमा परिवर्तन आएको छ । परिवर्तन आउनुको कारण 'लाछाको डोरी'सम्बन्धी तालिममा सहभागी भएर सीप हासिल गर्नु हो ।

सीप नहुँदासम्म अलमलमा परे पनि हातमा सीप भएपछि उत्साहित भएर अगाडि बढेको महसुस उनले गरेकी छिन् । पुतलीबजारकै जमिना बानु पनि लाछाको डोरी बनाउने र त्यसलाई बजारसम्म पु¥याएर बिक्री गर्ने तयारीमा छिन् । 'परिवारको लालनपालनका लागि पनि केही सीप सिक्न पाएहुन्थ्यो भन्ने लागेको थियो आज साकार भयो,' उनले भनिन् ।

दुई प्रतिनिधि पात्र जस्तै तालिममा सहभागी अन्य मुस्लिम महिला पनि लाछाको डोरी बुन्दै व्यावसायिक ढङ्गबाट अगाडि बढ्ने तयारी गरिरहेका छन् । सामाजिक विकास कार्यालयको आयोजनामा जिल्लाका मुस्लिम समुदायका महिलाका लागि मुसलमान समुदायको आर्थिक सशक्तिकरण गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको सामाजिक विकास कार्यालयका प्रमुख जीवन पौडेलले बताए ।

'मुस्लिम समुदायको परम्परागत सीपका रुपमा रहेको पेसालाई आधुनिक ढङ्गबाट सञ्चालन गरी व्यवसाय वृद्धि गर्ने कार्यालयको लक्ष्य हो,' उनले भने, 'सीमान्तकृत नागरिकलाई सचेतनासँगै आर्थिक सशक्तिकरणका लागि सामाजिक विकास कार्यालयले सहयोग गर्दै आइरहेको छ ।' लाछाको डोरी बनाउन सिकेका मुस्लिम समुदायका महिलाले आफ्नो समुदायमा प्रयोगमा आउने सामग्री उत्पादन र बजारीकरण गरी आर्थिक लाभ लिनसक्ने उनले बताए ।

तालिममा २० जना मुस्लिम समुदायका महिलाले १० दिनसम्म सीप सिकेका हुन् । 'लक्षित समुदायका महिलाका लागि नयाँ नयाँ सीप हस्तान्तरणले उहाँहरुको आर्थिक सशक्तिकरणसँगै व्यावसायिकता वृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिएको छु,' नगर प्रमुख तुल्सीराम रेग्मीले भने । रासस

# प्रधानमन्त्री कप क्रिकेटको उपाधि पुलिसलाई



**रूपन्देही ।**
प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि नेपाल पुलिस क्लबले जितेको छ ।

शनिबार भएको फाइनलमा त्रिभुवन आर्मी क्लबलाई छ विकेटले पराजित गर्दै पुलिसले उपाधि जितेको हो ।

जितका लागि १ सय ५५ रनको लक्ष्य पछ्याएको पुलिसले २५.२ ओभरमा चार विकेटको क्षतिमा पूरा ग¥यो । उसका लागि ओपनर कुशल भुर्तेलले ६१ रन बनाए । कूल ७० बलको सामाना गरेका उनले सात चौका र तीन छक्का प्रहार गरे । यस्तै अमित श्रेष्ठले ३९ र दिलिपनाथले अविजित ३१ रन बनाए । आर्मीका लागि साहब आलमले तीन र नरेन साउदले एक विकेट लिए ।

त्यसअघि भैरहवास्थित सिद्धार्थ क्रिकेट रङ्गशालामा टस हारेर ब्याटिङको निम्तो पाएको आर्मीले ४३ ओभरमा सबै विकेट गुमाउदै १ सय ५४ रन बनाएको थियो । २५ रनमै ५ विकेट गुमाएको आर्मीका लागि कप्तान विनोद भण्डारी र वसीर अहमदले ७५ रन बढीको साझेदारी गरेका थिए । उसका लागि बसीर अहमदले १ सय ४ बलको सामना गर्दै नौ चौका र एक छक्काको सहयोगमा ८६ रन बनाए भने कप्तान विनोद भण्डारीले २९ रनको योगदान दिए ।

त्यसबाहेक विवेक यादवले ११ रन बनाउदा अन्य कुनै पनि ब्याट्सम्यानले दोहोरो अंक समेत जोड्न सकेनन् ।

आर्मीलाई सस्तोमै समेट्ने क्रममा बलिङतर्फ नेपाल पुलिसका करण केसीले ७ ओभरमा एक मेडेनसहित ३० रन खर्चेर तीन विकेट लिए । सागर ढकालले आठ ओभरमा २९ रन खर्चेर तीन विकेट लिँदा कप्तान दीपेन्द्र सिंह ऐरीले दुई र ललित राजवंशी र गुलशन झाले समान एक–एक विकेट लिए ।

प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्र्तगत यसपटक ४६ वटा खेलहरु खेलाइएको थियो । यी सबै खेल पहिलो पटक काठमाडौँ बाहिर रुपन्देहीमा रहेको सिद्धार्थ क्रिकेट रङ्गशाला, तिलोत्तमामा रहेको एकस्ट्राटेक ओभल क्रिकेट रङ्गशाला र दाङ्गको लमहिमा रहेको देउखुरी अन्तरराष्ट्रिय रङ्गशालामा आयोजना भएको हो । प्रतियोगितामा ७ वटै प्रदेशका टोली र नेपाली सेना, नेपाल प्रहरी र शसस्त्र प्रहरीको बिभागिय टोली सहित १० वटा टोलीहरुले सहभागीता जनाएका थिए । रासस

# विद्युत् काटिएपछि ग्यास प्लान्ट अलपत्र

**कैलाली ।**
टीकापुर नगरपालिकामा पाइप लाइनमार्फत घरघरमा पुगेको बायो ग्यास प्लान्टको विद्युत् लाइन काटिँदा ग्यास प्लान्ट अलपत्र भएको छ । नगरपालिका–५ स्थित सामुदायिक पशु चौपाया व्यवस्थापन गरिएको क्षेत्रमा निर्माण भएको बायो ग्यास प्लान्टको विद्युत् महसुल नतिर्दा विद्युत् लाइन काटिएको थियो । विद्युत् लाइन काटिएपछि ग्यास वितरणको काम पनि ठप्प भएको छ । आसपासका ५५ घरमा पु¥याइएको ग्यास बन्द भएपछि करोडौँको संरचना अलपत्र परेको छ ।



गोबरबाट ग्यास उत्पादन गरेर दैनिक चार घण्टा स्थानीयलाई ग्यास उपलब्ध गराउँदै आइएको थियो ।

गौशालामा पर्याप्त गोबर भए पनि ग्यास प्लान्ट बन्द भएको गौशाला सञ्चालन गर्दै आएको सामुदायिक पशुचौपाया व्यवस्थापन तथा प्रवद्र्धन समितिका अध्यक्ष लोकबहादुर बुढाक्षेत्री बताउँछन् । उनका अनुसार नगरपालिकाले विद्युत्को महसुल नतिरेका कारण ग्यास प्लान्ट बन्द भएको छ । 'दैनिक चार घण्टा ग्यास प्लान्ट सञ्चालन हुन्थ्यो । अहिले बिजुलीको लाइन काटेपछि बन्द भएको छ,' उनले भने, 'हामीले बिजुलीको लाइन काटेको भनेर नगरपालिकालाई दुईपटक खबर गरिसकेका छौँ । त्यसको सुनुवाइ भएको छैन ।'

उनका अनुसार नगरपालिकालाई ग्यास प्लान्ट समितिको मातहतमा सञ्चालनका लागि आग्रह गरेको भए पनि त्यसको सुनुवाइ भएको छैन । 'विद्युत्को लाइन काटेपछि पनि नगरपालिकालाई दुईपटकसम्म खबर गरेका छौँ । पत्र पठाएका छौँ । सुनुवाइ हुन सकेको छैन,' उनी भन्छन्, 'प्लान्ट सञ्चालन गर्न सक्यो भने त्यो राम्रो आम्दानीको स्रोत बन्न सक्छ । त्यो हुन सकेको छैन । करोडभन्दा बढी लगानी धोस्त हुने स्थितिमा पुगेको छ ।' विद्युत् प्राधिकरण टीकापुर वितरण केन्द्रका अनुसार विद्युत् लाइन पुस २२ गते काटिएको थियो । तिर्नुपर्ने १४ हजार ६ सय ४६ रुपैयाँ नतिरेपछि लाइन काटिएको वितरण केन्द्रका अधिकृत रामप्रसाद अधिकारीले जानकारी दिए । उनका अनुसार अहिले रकम जरिवाना थपिँदै २५ हजार १ सय ७२ रुपैयाँ पुगेको छ । 'लामो समयदेखि विद्युत् महसुल नतिरेका कारण लाइन काटिएको हो,' उनले भने, 'बक्यौता तिरेपछि लाइन पुनः हामी जोडिदिन्छौँ ।'

घरमा दैनिक पाइप लाइनबाट ग्यास आउन थालेपछि उत्साहित बनेका स्थानीय अहिले निराश भएका छन् । निरन्तरता हुने कुरामा सुरुदेखि शङ्कामा रहेका स्थानीय पुरानै स्थितिमा फर्किनुपरेको बताउँछन् । बायो ग्यासबाट खाना पकाउने बानी परेकाहरु पुनः एलपी ग्यासको सहारामा फर्किनुपरेको छ । जडान भएका उपकरणमा खिया लाग्न थालिसकेको छ । संरचना जीर्ण बन्दै गएका छन् । जडान भएदेखि ग्यास प्लान्टको मर्मतसम्भार हुन सकेको छैन ।

करिब एक करोड ६० लाख रुपैयाँ लगानीमा निर्माण सम्पन्न भएको ग्यास प्लान्टबाट पशु मलमूत्र, जैविक फोहर र कृषि अवशेषमार्फत बायोग्यास उत्पादन गर्ने लक्ष्य लिइएको थियो । ग्यास प्लान्ट सञ्चालनका लागि आवश्यक प्रविधि, दक्ष जनशक्तिलगायत कुराको पनि अभाव देखिएको छ । नगरपालिकाले उपभोक्तालाई प्रतियुनिट ४५ रुपैयाँ महसुल तिर्ने गरी कार्यविधि पनि बनाएको छ । स्थानीयले दररेट महँगो भन्दै असन्तुष्टि समेत व्यक्त गर्दै आएका छन् ।

स्थानीय उपभोक्ता रमेश सिंहले सरकारको बेवास्ताका कारण सञ्चालनमा आइसकेको ग्यास प्लान्ट बन्द भएको बताए । 'हामी उत्साहित थियौँ, घरघरमा पाइपबाट ग्यास बाल्न पाइन्छ भनेर,' उनी भन्छन्, 'केही महिना सञ्चालन भएको ग्यास प्लान्ट एकाएक बन्द भयो । फेरि त्यहीँ एलपी ग्यासको सहायता लिनुपर्ने स्थिति आयो ।' दिनमा चार घण्टा उपलब्ध गराउँदै आएको ग्यास २४ सै घण्टा हुने आशामा बसेका उपभोक्ता एकाएक ग्यास बन्द भएपछि निराश बनेको उनको भनाइ छ ।

नगरपालिकाको वन वातावरण तथा फोहर व्यवस्थापन उपशाखाका प्रमुख लोकबहादुर बुढाले उपभोक्ताले तोकेको मूल्य बढी भयो भन्दै विरोध गरेपछि प्लान्ट बन्द भएको बताए । 'कार्यपालिकाले प्रति युनिट ४५ रुपैयाँ तोकेको थियो । त्यो रकम बढी भयो भनेर उपभोक्ताले विरोध गर्दा बन्द गर्नुपरेको हो,' उनले भने, 'चाँडै प्लान्ट सञ्चालनका हुने गरी समन्वय भइरहेको छ ।' रासस

# सहायता कटौतीले एक करोड ३० लाख विस्थापितलाई समस्या

**जेनेभा ।**
आर्थिक सहायता कटौतीले झण्डै एक करोड ३० लाख विस्थापितको स्वास्थ्यलाई खतरामा पारेको संयुक्त राष्ट्रसङ्घीय शरणार्थी निकाय युएनएचसीआरले शुक्रबार जनाएको छ । जनवरीमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प सत्तामा फर्केपछि शरणार्थी र आप्रवासीको हित विपरित एजेन्डाअघि सार्दै र अधिकांश अमेरिकी वैदेशिक सहायता कोष तत्काल रोक्का गरेपछि विश्वभरका मानवीय संस्थाहरू प्रभावित भएका छन् ।

संयुक्त राज्य अमेरिका परम्परागत रूपमा यूएनएचसीआरको शीर्ष दाता हो र अमेरिकाले प्राप्त कुल योगदानको ४० प्रतिशत भन्दा बढी हिस्सा व्यहोर्ने गरेको थियो । युएनएचसीआरका जनस्वास्थ्य प्रमुख एलेन मैनाले भने, 'सन् २०२५ सम्ममा, पर्याप्त स्रोत साधनको अभावमा अनुमानित ६३ लाख बालबालिकासहित एक करोड २८ लाख विस्थापित व्यक्ति जीवनरक्षक स्वास्थ्य हस्तक्षेपबाट वञ्चित हुन सक्छन् ।'

सहयोगको प्रदान गर्ने देशहरूमा स्वास्थ्य खर्चमा आएको गिरावटका कारण बढेको वर्तमान मानवीय अनुदान सङ्कटले शरणार्थी र होस्ट समुदायहरूको लागि सार्वजनिक स्वास्थ्य र पोषण कार्यक्रमहरूको दायरा र गुणस्तरलाई असर गरिरहेको, आवश्यक सेवाहरूमा पहुँचमा बाधा पुर्याइरहेको र रोगको प्रकोप, कुपोषण, उपचार नगरिएको पुरानो अवस्था र मानसिक स्वास्थ्य समस्याहरूको जोखिम बढाइरहेको छ ।

कटौतीको उदाहरण दिँदै मैनाले बङ्गलादेशमा रहेका करिब १० लाख रोहिङ्ग्या शरणार्थीले गम्भीर स्वास्थ्य सङ्कटको सामना गरिरहेको र आर्थिक सहायता रोकिँदा हुँदा स्वास्थ्य सेवाको पहुँचमा खतरा आएको उनले बताए । बुरुन्डीका विभिन्न शिविरमा पोषण कार्यक्रम स्थगन हुनुको अर्थ पाँच वर्षमुनिका हजारौं शरणार्थी बालबालिकाले कुपोषणको पर्याप्त उपचार पाउन नसक्ने उनको भनाइ छ ।

प्रजातान्त्रिक गणतन्त्र कङ्गोमा युएनएचसीआरको सन् २०२५ को स्वास्थ्य बजेट सन् २०२४ को तुलनामा ८७ प्रतिशतले कटौती गरिएको छ । 'कङ्गोमा कोष कटौतीको स्वास्थ्य परिणामहरू विनाशकारी हुने अपेक्षा गरिएको छ । यसले पाँच लाख २० हजारभन्दा बढी शरणार्थीहरूलाई सङ्क्रामक रोग र मृत्युको उच्च जोखिममा पार्नेछ,' मैनाले भने । इजिप्टमा आपतकालीन जीवन रक्षा प्रक्रियाबाहेक शरणार्थीका लागि युएनएचसीआरको सबै उपचार स्थगन गरिएको छ । युएनएचसीआरको स्वास्थ्य टोलीले गरेको सर्वेक्षणमा एक करोड २८ लाख विस्थापित व्यक्ति स्वास्थ्य सहायताविहीन हुने अनुमान गरिएको थियो । यूएनएचसीआरका प्रवक्ता विलियम स्पिन्डलरले अन्य परम्परागत शीर्ष दाताहरूले पनि आफ्नो कोष घटाइरहेको बताए । एएफपी

# सूचीकृत बेरोजगारद्वारा रोजगारीको माग

**बाँके ।**
स्थानीय तहमा सूचीकृत भएका करिब आठ सय बेरोजगारले रोजगारीको माग गरेका छन् । नेपालगञ्ज उद्योग वाणिज्य सङ्घले जिल्लाका सात स्थानीय तहसँगको सहकार्यमा शुक्रबारदेखि आयोजना गरेको दुई दिने 'बाँके रोजगार मेला' मा सूचीकृत बेरोजगारहरुले रोजगारीका अवसर सृजना गर्न माग गरेका हुन् ।

मेलाको पहिलो दिन छ सय बढीले र शनिबार दुई सयले विभिन्न पदमा रोजगारी माग गरेका रोजगार मेला व्यवस्थापन समितिका संयोजक भीमबहादुर रानाभाटले जानकारी दिए । सङ्घका महासचिवसमेत रहेका उनले मेलामा जिल्लाका आठ स्थानीय तहका गाउँटोलबाट बेरोजगारको घुइँचो लागेको बताए ।

रोजगार खोज्ने तीन सय जनाले स्टलमा फारम भरेका छन् । उनका अनुसार मेलामा रोजगारदाताका ३५ स्टल राखिएका छन् । 'तीन सय हाराहारीमा रोजगारीका लागि फारम भरेकालाई सङ्घका स्वयंसेवकले सूचीकृत गरेर सम्बन्धित रोजगारदाता कहाँ पठाएका छन्,' संयोजक रानाभाटले भने ।

सङ्घका अध्यक्ष टङ्कबहादुर धामीले आयोजित रोजगार मेलाबाट रोजगारदातालाई आवश्यक पर्ने जनशक्तिको पहिचान हुनुका साथै आगामी दिनमा जिल्लाका उद्योग प्रतिष्ठानलाई जनशक्ति उत्पादन गरी बेरोजगारीको समस्या समाधान गर्न अभियान सञ्चालन गरिने बताए । 'त्यसका लागि आवश्यक तालिम, प्रशिक्षणका लागि स्थानीय सरकारसँग साझेदारी र सहकार्य गरिनेछ,' उनले भने ।

सङ्घले रोजगार मेलामा फारम भरेका व्यक्तिको सीप, क्षमता र दक्षताको विश्लेषण गरी जिल्लाका उद्योग तथा औद्योगिक प्रतिष्ठानमा आवश्यक पर्ने जनशक्ति तयार गर्ने धामीले बताए । खजुरा गाउँपालिका–२ का वडाध्यक्ष धनीराम ओलीले गाउँगाउँबाट आएर अवसर खोजी गर्नेलाई सम्बन्धित पालिकासँग समन्वय गरेर रोजगारीसँग जोड्न आवश्यक भएको बताए । नेपालगञ्ज उपमहानगरपालिकाका रोजगार संयोजक मञ्जु ज्ञवालीले रोजगारीका लागि आएका सबैलाई आवश्यक सहजीकरण गरेर रोजगारीसँग जोड्नु मेलाको उद्देश्य रहेको बताइन् । दुई दिनसम्म सञ्चालन भएको मेलामा रोजगार सेवाप्रदायक ३५ स्टल छन् । रासस

# घलेगाउँमा ग्रामीण पर्यटन प्रवर्द्धन तथा रजतजयन्ती मनाइने

**लमजुङ ।**
नेपालको प्रमुख ग्रामीण पर्यटन गन्तव्य घलेगाउँमा 'पर्यटन प्रवद्र्धन तथा रजतजयन्ती समारोह' आयोजना हुने भएको छ । बैँसीसहरमा पत्रकार सम्मेलन गरेर कार्यक्रमबारे जानकारी दिइएको हो ।

विसं २०५७ मा औपचारिक रूपमा ग्रामीण पर्यटनको सुरुआत गरेको घलेगाउँले २५ वर्ष पूरा गरेको अवसरमा आगामी वैशाख २३, २४ र २५ गते विशेष कार्यक्रम आयोजना गरिँदैछ । समारोहले घलेगाउँलाई थप पर्यटकीय केन्द्र बनाउने अपेक्षा गरिएको छ ।

घलेगाउँ पर्यटन व्यवस्थापन समितिको आयोजनामा हुने कार्यक्रममा स्थानीय संस्कृति, ग्रामीण भिलेज होमस्टे, साहसिक खेलकुद तथा विभिन्न सांस्कृतिक झलक प्रस्तुत गरिनेछन् ।

पर्यटन बोर्ड, स्थानीय तह, निजी क्षेत्र तथा सरोकारवाला निकायको सहकार्यमा कार्यक्रम सम्पन्न गरिनेछ । घलेगाउँ पर्यटन व्यवस्थापन समितिका अध्यक्ष प्रेमबहादुर घलेका अनुसार पर्यटन प्रवद्र्धनका लागि गुरुङ समुदायको परम्परागत नृत्य, झ्याउरे नाच, घाँटु नृत्य तथा अन्य सांस्कृतिक प्रस्तुति विशेष आकर्षणका रूपमा रहनेछन् । साथै पर्यटकलाई स्थानीय जीवनशैलीको अनुभव गराउन होमस्टे(घरबास) भ्रमण गराइनेछ । घलेगाउँलाई 'स्मार्ट भिलेज' का रूपमा विकास गर्ने लक्ष्यसहित यो कार्यक्रम आयोजना गरिँदैछ । वातावरणमैत्री प्रविधि, फोहर व्यवस्थापन, नवीकरणीय ऊर्जा प्रवर्द्धन तथा डिजिटल पूर्वाधार विकासमा ध्यान दिइनेछ ।

उनका अनुसार कार्यक्रमअन्तर्गत ग्रामीण पर्यटनको भविष्य, आवश्यक नीतिगत सुधार, सार्वजनिक–निजी साझेदारीका अवसरबारे छलफल गरिनेछ । समारोहमा फुटसल, म्याराथन दौड, साइक्लिङ, साहसिक खेल आयोजना गरिनेछन् । विजेतालाई नगद पुरस्कार, ट्रफी तथा प्रमाणपत्र प्रदान गरिनेछ । फुटबल प्रतियोगितामा एमएससी क्लब बालिया (भारत), त्रिवेणी युवा क्लब बैँसीसहर, नाल्मा ११, बिवाइसी भोटेओडार, भूइँखेल फुटबल क्लब, अभिषेक चर्च, फ्रेण्डसिप युथ क्लब, गुन्नी फुटबल क्लब, सीवाईसी नेपाल तुरतुरे, रड्स रामपुर, एन्फा मनाङ र बैँसीसहर युथ सोसाइटी सहभागी हुनेछन् । रासस

# दश स्थानीय तहका २० वडा डढेलोको जोखिममा

**खोटाङ ।**
दश स्थानीय तह रहेको खोटाङका २० वटा वडा डढेलोको उच्च जोखिममा रहेका छन् । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना र जिल्ला विपद् व्यवस्थापन समितिले दुई नगरपालिका र आठ गाउँपालिकाका ७९ वटा वडामध्ये २० वटा वडालाई डढेलोको उच्च जोखिममा राखेको हो । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको दिक्तेल, जालपा, बुइपा, हलेसी तुवाचुङ नगरपालिकाको बाहुनीडाँडा, दुर्छिम, महादेवस्थान, अर्खौले, राजापानी, रावाबेँसी गाउँपालिकाको लामिडाँडा, ऐसेलुखर्क गाउँपालिकाको ऐसेलुखर्क, केपिलासगढी गाउँपालिकाको बाक्सिला डढेलोको उच्च जोखिममा रहेको डिभिजन वन कार्यालय खोटाङले जनाएको छ । समितिका अनुसार खोटेहाङ गाउँपालिकाको सबै वडाहरू लिकुवापोखरी, वाप्लुखा, सावाकटहरे, बडकादियालो, चिप्रिङ, इन्द्रेणीपोखरी, खोटाङबजार, सिम्पानी, लिच्किराम्चे डढेलोको उच्च जोखिममा छन् ।

डढेलोको मध्यम जोखिममा दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको सोल्मा, बाम्राङ, खाल्ले, लफ्याङ, पाथेका, खार्मी, नुनथला, विजयखर्क, हलेसी तुवाचुङ नगरपालिकाको डिकुवा, च्यास्मिटार, बडहरे, मङ्गलटार, धितुङ, सल्ले, रावाबेँसी गाउँपालिकाको खार्पा, ऐसेलुखर्क गाउँपालिकाको ज्यामिरे, दिप्रुङ चुइचुम्मा गाउँपालिकाको छितापोखरी, जन्तेढुङ्गा गाउँपालिकाको देविस्थान, काहुले, चिसापानी, दिप्लुङ र बराहपोखरी गाउँपालिकाको फाक्टाङ रहेका छन् । जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले दुई नगरपालिका र आठ गाउँपालिकाले आगलागीजन्य विपद्लाई न्यूनीकरण तथा रोकथाम गर्ने ढाँचाको सूचना, जिङ्गल तयार गरी स्थानीय सञ्चारमाध्यमको समन्वयमा प्रकाशन–प्रसारण गर्ने गराउनुपर्ने निर्णय गरेको छ ।

सुक्खा मौसम र हावाहुरीको सिजन शुरू भएसँगै जिल्लाका ७९ वटा वडामध्ये २० वटा वडालाई डढेलोको उच्च, २२ वटा वडालाई मध्यम र ३७ वटा वडालाई डढेलोको न्यून जोखिममा स्तरीकरण गरिएको डिभिजन वन कार्यालय खोटाङका डिभिजन प्रमुख उदिमप्रसाद राईले बताए । 'डढेलोको उच्च जोखिममा रहेका २० वटा वडालाई लक्षित गरेर डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धि स्थानीय सञ्चारमध्यमबाट प्रचारप्रसार, हाते ब्रुसरहरु वितरण, वन समूहहरूमा अन्तरक्रिया लगायतका कार्यक्रम शुरु गरिएको छ,' उनले भने, 'वन डढेलो नियन्त्रण गर्नका लागि विभिन्न सामग्रीहरू खरिद गरेर सकेमा वन समूहलाई उपलब्ध गराउने, सब डिभिजनस्तरमा राख्ने र मुख्यगरी प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनालाई उपलब्ध गराउने तयारी गरिरहेका छौँ ।'

जिल्लास्थित सबै स्थानीय तह र रेडक्रसले आफ्नो मातहत रहेका विपद् नियन्त्रण र प्रतिकार्य गर्नका लागि आवश्यक पर्ने सामग्रीको व्यवस्थापन गरी सामग्री मौज्दातको विवरण जिल्ला विपद् व्यवस्थापन समितिलाई उपलब्ध गराउन भनिएको जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक एवम् प्रमुख जिल्ला अधिकारी नरहरि घिमिरेले बताए । गत वर्ष जिल्लाको विभिन्न स्थानमा गरी ६५ वटा वनमा डढेलो लागेको जिल्ला प्रहरी कार्यालय खोटाङले जनाएको छ ।

यस वर्षको सुक्खायाम सुरू गएलगत्तै हलेसी तुवाचुङ नगरपालिका–२ बाहुनीडाँडाको विभिन्न सामुदायिक वनमा लागेको डढेलो गाउँ पस्दा नौवटा घर तथा सोही नगरपालिका–५ दुर्छिममा चार घर जलेर नष्ट भएका छन् । डिकुवामा चैत ४ गते तथा दुर्छिममा चैत ८ गते विभिन्न सामुदायिक वनमा लागेको डढेलो अनियन्त्रित भई गाउँ पस्दा ठूलो क्षति भएको हो ।

राष्ट्रिय वनमा आगो लगाउने वा आगलागी हुन जाने कुनै कार्य गरेमा वन ऐन २०७६ को परिच्छेद १५, कसुर र सजायअन्तर्गत क्षतिको बिगो असुल गरी तीन वर्षसम्म कैद वा ६० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ । तर, जिल्लामा भएका डढेलो तथा आगजनीका घटनामा अहिलेसम्म कसैलाई पनि कारबाही गरिएको छैन ।

# दाङका ८३ सामुदायिक वन डढेलोको जोखिममा

**देउखुरी ।**
८३ सामुदायिक वन डढेलोको उच्च जोखिममा रहेका छन् । चुरे क्षेत्रमा रहेका सामुदायिक वन डढेलोको उच्च जोखिममा रहेको डिभिजन वन कार्यालयले जनाएको छ ।

पछिल्ला वर्षमा दाङका विभिन्न ठाउँमा डढेलो लाग्दा वन क्षेत्रमा ठूलो क्षति पुगेको डिभिजन वन कार्यालयले जनाएको छ । यहाँका वनमा आगो लाग्न शुरु भएको छ । लामो खडेरीले पातपतिङ्गर सुक्दा तथा हावाहुरीका कारण वन क्षेत्रमा अहिले आगलागीका घटना बढ्न थालेका छन् । कार्यालयका अनुसार गर्मी बढेसँगै दैनिक आगलागी र डढेलोका घटना बढ्न थालेका छन् । घोराही उपमहानगरपालिकाको वडा नम्बर ३ र ५ का वन क्षेत्र तथा लमही नगरपालिकाको वडा नम्बर ६ को वन क्षेत्रमा डढेलो लागेको छ ।

जिल्लामा शून्य वन डढेलो अभियान चलाएर सामुदायिक वन उपभोक्ता समूहलाई सक्रिय बनाइए पनि विगत वर्ष जस्तै यस वर्ष पनि राष्ट्रिय तथा सामुदायिक वनमा आगलागीका घटना शुरु भएका छन् । डिभिजन वन कार्यालयका अनुसार यस वर्षको वसन्त ऋतुमा अत्यधिक गर्मी र सुक्खा मौसमका कारण वन डढेलोका घटना तीव्र रूपमा वृद्धि भएका निमित्त डिभिजनल वन अधिकृत मदनप्रसाद ढुङ्गानाले बताए ।

डढेलोको उच्च जोखिम रहेका क्षेत्रमा जिल्लाको बबई, दङ्गीशरण, घोराहीका वडा नम्बर २, ३ र ५, राप्ती नदी आसपासका वन, बङ्गलाचुलीको ८ नम्बर वडा, गढवा गाउँपालिकाको सालको वनमा समेत वन डढेलोको जोखिम रहेको ढुङ्गानाले बताए ।

डढेलो नियन्त्रणका लागि स्थानीय तह, सामुदायिक वन उपभोक्ता समूह, सुरक्षा निकाय तथा स्वयंसेवक सक्रिय रहे पनि मानवीय लापरबाहीका कारण वनमा आगलागी बढेको उनले बताए । जिल्ला प्रशासन कार्यालय, डिभिजन वन कार्यालय, सामुदायिक वन समूह, उपभोक्ता समूह, डढेलो नियन्त्रण दस्तासँग डढेलो रोकथामका लागि समन्वयात्मक योजना पनि बनाउने गरिएक पनि वनमा आगलागी भइहालेमा नियन्त्रणका लागि पर्याप्त सामग्री नहुँदा समस्या हुने गरेको छ ।

डढेलो नियन्त्रणका लागि प्रचारप्रसारका कार्यक्रम, जोखिम क्षेत्रका विद्यालयमा पुगेर स्कूल शिक्षा, अग्निरेखा निर्माण र मर्मतलगायत कार्यक्रम नियमितजसो भइरहे पनि वन डढेलो नियन्त्रणमा सधैँ चुनौती हुने गरेको डिभिजन वन कार्यालयका वन अधिकृत टेकन आचार्यले बताए । उनले भने, 'डढेलोले हुने क्षतिका बारेमा चेतनामूलक कार्यक्रम गर्दै आएका छौँ ।' वनमा च्याउ, जडीबुटी र अन्य पालुवा उमार्नुपर्ने तथा वनमा डढेलो लगाउनेको पहिचान गरी कारबाही गर्नुपर्ने उनको भनाइ छ । वन क्षेत्रमा आगो लगाउँदा घाँसपातका पालुवा चाँडै पलाउने र वर्षायाममा जङ्गली च्याउ उत्पादनमा वृद्धि हुने गलत सोचाइ राखेर स्थानीयले वनमा डढेलो लगाउने गर्दा यो समस्या धेरैजसो हुने गरेको आचार्यको भनाइ छ । रासस

# तटीय क्षेत्रका बस्ती संरक्षण गर्न १३ स्थानमा तटबन्ध

**बागलुङ ।**
बस्ती संरक्षणका लागि बागलुङका १३ स्थानमा तटबन्ध गर्न थालिएको छ । चालु आर्थिक वर्षमा गण्डकी प्रदेश सरकारले विनियोजन गरेको बजेटबाट तटबन्ध गर्न थालिएको हो ।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय बागलुङमार्फत जिल्लाको गलकोट, बागलुङ, ढोरपाटन, बडिगाड र बरेङसहितका पालिकाका विभिन्न स्थानमा तटबन्धको काम भइरहेको छ । तीमध्ये हालसम्म सात योजना सकिएको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका प्रमुख सुरेन्द्र पौडेलले जानकारी दिए ।

हालसम्म गलकोट नगरपालिका–५ स्थित खहरेखोला, वडा नम्बर ९ स्थित दरमखोला, वडा नम्बर ३ स्थित गौदीखोला, हटिया, वडा नम्बर १ स्थित दुधिलाभाटी र बागलुङ नगरपालिका–३ स्थित ढोण पिपलबाटोमा काम सम्पन्न भएको उनको भनाइ छ ।

उनका अनुसार बडिगाडखोला, नरेठाँटी दोभान, खाल बजार, दोगाडी, पाँचमुरे र काठेखोलामा काम सुरु भएको छ । सबै योजना असार मसान्तभित्रै सक्ने गरी काम भइरहेको प्रमुख पौडेलले जानकारी दिए । यस वर्ष जिल्लाभर एक करोड ६० लाख रुपैयाँमा तटबन्ध तथा बस्ती संरक्षणको काम भइरहेको उनी बताउँछन् ।

प्रमुख पौडेलले भने, 'यस वर्ष प्रदेश सरकारबाट नीति तथा कार्यक्रममा समावेश भएका योजना कार्यान्वयनको चरणमा छन्, अधिकांश योजना सम्पन्न भइसकेका छन्, केही सकिने अवस्थामा छन्, भने केही साना योजना सम्झौता गरेर काम सुरु हुने चरणमा छन्, हामीहरुले समयमै सबै योजना सक्ने गरी कामको गतिलाई तीव्र बनाएका छौँ ।'

गलकोट–३ का स्थानीय कुलबहादुर खत्रीले दरमखोलामा तटबन्ध भएपछि बर्खामा खोला बस्तीमा पस्ने जोखिम कम भएको बताए । खोला किनारमा बाक्लो बस्ती रहेको तर अहिलेसम्म तटबन्ध नहुँदा दरमखोला तटका स्थानीय त्रासमा बस्नु परेको भन्दै अब बाढी पस्ने सम्भावना कम भएको उनले सुनाए । दरमखोलाको धेरै क्षेत्रमा अझै तटबन्ध गर्न आवश्यक रहेको खत्रीको भनाइ छ ।

'हिउँदको समयमा खोलामा पानीको सहत घट्छ, जब बर्खा लाग्छ, तब सानो खोला पनि उर्लिएर माथि आउँछ, यसले गर्दा खोला नजिकका बस्ती जोखिममा छन्,' उनले भने, 'अहिले केही ठाउँमा भए पनि तटबन्ध भयो, सरकारले आगामी वर्षमा अन्य ठाउँमा पनि तटबन्ध गर्न बजेट विनियोजन ग¥यो भने बस्ती संरक्षण गर्न सजिलो हुने थियो ।' रासस

# चामुण्डा र बालकुमारीको मिलन गराएर मनाइयो जात्रा



**काठमाडौँ ।**
घोडेजात्राका अवसरमा ललितपुरस्थित चामुण्डा माई र बालकुमारी माई देवीलाई खटमा राखेर टोल टोलमा घुमाइ एकापसमा मिलन गराएर जात्रा मनाइएको छ । परम्पराअनुसार मङ्गलबजार क्षेत्रमा पुगेपछि दुवै देवीलाई मिलन गराई पुनःआफ्नै मन्दिरमा राखिने गरिएको छ ।

ललितपुर महानगरपालिका वडा नम्बर ९ र ११ को पहलमा धिमे बाजासहित पूजाआजा गरी विभिन्न रुटमा घुमाएर आज घोडेजात्राका अवसरमा पाटनका स्थानीयले यो जात्रा मनाएका हुन् । स्थानीयलाई रोगव्याधि, भयबाट मुक्त गराउन तथा भौतिक बाधा अड्चन नहोस् भनेर पाटन नगरभित्र लिच्छवीकालदेखि नै यो जात्रा मनाइँदै आएको यस क्षेत्रका स्थानीयले बताएका छन् ।

किंवदन्तीअनुसार दिदी बालकुमारी माईलाई बहिनी चामुण्डा माईले तीनपटक परिक्रमा गरेपछि दुवै देवीलाई पुनःआफ्नै मन्दिरमा राखिने गरिएको चामुण्डा माई जात्रा व्यवस्थापन समितिका सचिव राजेश्वर महर्जनले जानकारी दिए ।

यस क्षेत्रका स्थानीयले भेला भई खानाका परिकार खाएर नाँचगान गरी एकअर्कामा मिलन र खुसी साटासाट गर्दै नायखी बाजाको तालमा देवीको परिक्रमा गराई यो जात्रा मनाएका छन् । रासस

# गाउँमा स्वास्थ्य सेवा पाएपछि ज्येष्ठ नागरिक खुसी

**पाल्पा ।**
मुटु, दम, खोकीलगायत रोगको औषधोपचारका लागि गिरामती श्रेष्ठलाई अस्पताल पुग्न निकै सास्ती हुने गर्दछ । उमेरले ८५ वर्ष पुगेकी उनलाई शारीरिक अवस्थाका कारण भरसक उपचारका लागि अस्पताल जान नपरे हुन्थ्यो जस्तो लाग्छ । शारीरिक अवस्था कमजोर भएकाले सवारीसाधनमार्फत लामो यात्रा गरेर बाहिर अस्पतालमा जाने झन्झटभन्दा उन रोगसँग लडेर बस्न तयार छिन् ।

यस्तो परिस्थितिमा गाउँमा स्वास्थ्य शिविरमार्फत विशेषज्ञसहित औषधोपचार सेवा पाउँदा उनी खुसी छिन् । रामपुर नगरपालिका–८ रानीवास बस्ने गिरामती गाउँमा उपचार सेवा पाइने थाहा पाएपछि लठ्ठीटेकेर नातिनीको सहारामा शिविरमा पुगिन् ।



शिविरमा आफ्ना समस्याबारे सबै स्वास्थ्य परीक्षणसहित औषधि सेवा पाउँदा आफूलाई तत्काललाई अस्पताल जाने समस्या टरेको गिरामतीले बताए । रामपुर नगरपालिकामा आज आयोजित बृहत् निःशुल्क स्वास्थ्य शिविरमार्फत उनले मुटु, सुगर, प्रेसर, श्वासप्रश्वाससम्बन्धी परीक्षण गरी औषधि लिनुभयो । समस्याका लागि यसअघि उन भैरहवास्थित अस्पतालमा पुगेर उपचार सेवा लिँदै आएका थिए ।

'बुढेसकालमा औषधि गर्न टाढा जान सकिँदैन, सवारीमार्फत जाँदा बुढ्यौली शरीर थाकेर कमजोर हुन्छ, उपचार गर्न गएको बिरामीमा झन् समस्या थपिन्छ,' उनले भने, 'गाउँघरमा स्वास्थ्य शिविरमार्फत उपचार, औषधि सबै सेवा पाउँदा हामी जस्ता अशक्त नागरिकलाई सहज भएको छ । गाउँमा बेलाबेलामा शिविर भए ज्येष्ठ नागरिक बढी लाभान्वित हुने छन् ।' गाउँघरमा आयोजना हुने स्वास्थ्य शिविरले अशक्त, ज्येष्ठ नागरिक, बालबालिकालाई उपचारमा सहज उनकी नातिनी मञ्जु श्रेष्ठले बताइन् । ज्येष्ठ, अशक्त नागरिकलाई सहरबजारमा औषधि उपचारका लागि लैजान कठिनाइ हुने गरेको उनले अनुभव व्यक्त गरिन् ।

'ज्येष्ठ नागरिकलाई बाहिर उपचारका लागि लैजान खर्च, यात्रालगायत विषयमा समस्या हुन्छ, गाडीमा लिएर जाँदा लामो यात्राले झन् बिरामी बनाउँछ, अस्पतालमा पालो पर्खेर बस्नुपर्दा दुःखर झन्झट हुन्छ । यसरी गाउँमै हुने स्वास्थ्य शिविरले बाहिर लैजानुपर्ने समस्या हट्नेछ,' उनले भनिन् ।

रोटरी क्लब अफ रामपुर र रोट ¥याक्ट क्लब सेन्ट्रल बुटवलको संयुक्त आयोजना तथा रामपुर नगरपालिकाको संरक्षणमा भएको बृहत् निःशुल्क स्वास्थ्य शिविरमा अशक्त, ज्येष्ठ नागरिक, महिलाले उपचार सेवा लिएका छन् । बिरामीले बाहिर अस्पतालमा पुगेर सेवा लिन यात्रा, सडक, आर्थिकलगायत विविध समस्याले सास्ती हुने भएकाले घरआँगनको शिविरले सजिलो बनाएको रामपुर–६ तिलकपुरका डेमनाथ दर्जीले बताए । उनले शिविरमार्फत प्रेसर, श्वासप्रश्वास जाँचपश्चात् औषधि लिनुभयो । औषधि तथा उपचारमा खर्च गर्नुनपर्दा बिरामीलाई धेरै राहत भएको उनले सुनाए ।

शिविरले गाउँमा बिरामीलाई उपचार तथा औषधि सेवा दिएपछि अस्पतालसम्म आउनेजाने खर्च, बास बसेर उपचार गर्नुपर्ने, औषधिमा बुझाउनुपर्ने खर्चको समस्या हट्ने रामपुर–५ सानी अमराईका दोवराज ढुङ्गानाले बताए । उनले शिविरमा विशेषज्ञ चिकित्सकबाट मुटु, प्रेसर जाँच गराउनुभएको हो । शिविरमा निःशुल्क उपचार सेवासहित औषधि पाउँदा बिरामी खुसी छन् । गौतमबुद्ध सामुदायिक मुटु अस्पताल बुटवलका वरिष्ठ मुटुरोग विशेषज्ञ डा. विशाल केसीसहितको ६५ जना स्वास्थ्यकर्मीको टोलीले मुटु, मिर्गौला, सुगर, प्रेसर, जनरल फिजिसियनलगायत रोगको जाँच गरी बिरामीलाई निःशुल्क औषधि वितरण गरेको रोटरी क्लब अफ रामपुरका अध्यक्ष कीर्तिनाथ श्रेष्ठले जानकारी दिए । उनका अनुसार गौतमबुद्ध सामुदायिक मुटु अस्पताल बुटवलको प्राविधिक सहयोग, रामपुर बचत तथा ऋण सहकारी संस्था, रामपुर आयुर्वेद अस्पतालको सहयोगमा शिविर सञ्चालन गरिएको हो ।

रोटरी क्लब रामपुरले स्वास्थ्य शिविर, शिक्षकका लागि सूचना तथा सञ्चार प्रविधि तालिम, वृक्षारोपण, फरक क्षमता भएका नागरिकलाई अपाङ्गता सहायता सामग्री वितरण, बजार क्षेत्रमा पुग्ने मुख्य सडक तथा नाकामा सूचना बोर्डलगायत विभिन्न कार्यक्रममा गर्दै आइरहेको छ । साथै विदेशस्थित रोटरी क्लबसँग समन्वय गरेर ठूला कार्यक्रम सञ्चालन गर्ने तयारी भइरहेको अध्यक्ष श्रेष्ठले जानकारी दिए ।

शिविरको शुभारम्भ गर्दै लुम्बिनी प्रदेशसभा अर्थ, उद्योग तथा पर्यटन समितिका सभापति तथा रोटरी क्लब अफ रामपुरका संस्थापक अध्यक्ष राजुप्रसाद श्रेष्ठले गाउँघरमा आयोजना हुने स्वास्थ्य शिविरले नागरिकलाई सहज सेवा दिन सहयोग पुग्ने बताए । रोटरी क्लबले सामाजिक भावनाका साथ शिक्षा, स्वास्थ्य, सामाजिक सङ्घ संस्थामा विभिन्न काम गर्दै आइरहेकाले यस्ता कार्यक्रमले समुदायमा सकारात्मक प्रभाव पारेको उनको भनाइ छ । रासस

# पत्रकार रजकको मृत्युमा मधेशमा पत्रकारको आन्दोलन

**मधेशदृष्टि**
**वीरगंज ।**
पत्रकार सुरेश रजकको हत्यारालाई कारबाही माग गर्दै शनिबार वीरगंजमा प्रेस चौतारी नेपाल जिल्ला कार्यसमिति पर्साले ऱ्याली तथा विरोध कार्यक्रम गरेको छ । शुक्रबार राजावादीको आन्दोलनक्रममा पत्रकार रजकको हत्या भएको विरोधमा शनिबार दिउँसो २ बजे वीरगंजको घण्टाघरमा पत्रकार भेला भएका थिए ।

प्रेस चौतारी नेपाल पर्साले गरेको विरोध कार्यक्रममा पत्रकार सुरक्षाको सुनिश्चितता र हत्यारालाई तत्काल कडा कारबाहीको माग गरिएको थियो । यसअघि, नेपाल पत्रकार महासङ्घले आफ्नो स्थापना दिवसलाई पत्रकार हत्या र सञ्चार गृह तथा सञ्चारकर्मीमाथि भएका हमलाको विरोधमा शोक र विरोध सभाका रूपमा मनाउने निर्णय गरेको थियो ।

विरोध कार्यक्रममा प्रेस चौतारी नेपाल जिल्ला कार्यसमिति पर्साका अध्यक्ष निरन्जन मिस्र, नेपाल पत्रकार महासङ्घका पर्साका पूर्वअध्यक्ष अनुप तिवारी, मधेश प्रदेश अध्यक्ष श्याम बन्जारा, जिल्ला अध्यक्ष ओमप्रकाश खनाल, तुलसी भण्डारीलगायतका पत्रकारको उपस्थिति थियो ।

विरोध सभामा अध्यक्ष मिस्रले पत्रकारको सुरक्षामा सरकारले गम्भीर ध्यान दिनुपर्ने र हत्यामा संलग्नलाई तत्काल कानुनी दायरामा ल्याउन माग गरे । त्यस्तै, नेपाल पत्रकार महासङ्घ मधेश प्रदेशका अध्यक्ष श्याम बन्जाराले प्रेस स्वतन्त्रता र पत्रकारको अधिकार कुण्ठित गर्ने जुनसुकै प्रयासको कडा विरोध गर्ने चेतावनी दिए ।

## धनुषाको विरोध ऱ्याली




पत्रकार सुरेश रजकको हत्या र मिडिया संस्थामा भएको तोडफोडविरुद्ध नेपाल पत्रकार महासंघ धनुषाले वृहत् विरोध ऱ्याली गर्दै दोषीलाई कारबाही माग गरेको छ ।

नेपाल पत्रकार महासंघ धनुषा शाखा कार्यालयबाट शुरु भएको विरोध ऱ्यालीले भैरव चोक, राम चोक, जनक चोक, शिवचोक हुँदै भानुचोकसम्मको यात्रा गरेपछि पुनः जनकचोकमा आएर कोणसभामा परिणत भएको थियो । ऱ्यालीमा सहभागी पत्रकारले 'पत्रकार सुरेश रजकको हत्यारालाई कारबाही गर,' 'प्रेस स्वतन्त्रता कायम गर,' 'आन्दोलनको नाममा पत्रकार मार्न पाइदैन,' 'मिडिया हाउसमा तोडफोड गर्न पाइँदैन' जस्ता माग गरेका थिए ।

जनकचोकमा आयोजित कोणसभामा शाखा अध्यक्ष पुरन गुप्ताले प्रेस स्वतन्त्रतामाथिको आक्रमण गम्भीर चुनौती रहेको बताए । उनले भने, 'आन्दोलनको नाममा पत्रकारको हत्या हुनु, सञ्चारगृहमा तोडफोड हुनु केवल प्रेसमाथिको आक्रमण नभइ यो लोकतन्त्रका स्तम्भहरुमाथि गरिएको सुनियोजित आक्रमण हो ।' उनले हत्यामा संलग्नलाई कानुनी कारबाहीको दायरामा ल्याउनुका साथै रजकलाई शहीद घोषणा गर्न माग गरे । साथै, सञ्चारगृहमा भएको तोडफोडको क्षतिपूर्ति दिनुपर्ने कुरा पनि उनले जोड दिए ।

नेपाल पत्रकार महासंघ धनुषाले रजकको हत्या प्रेस स्वतन्त्रतामाथिको अक्षम्य अपराध भएको बताउँदै यस घटनालाई देशभरको ध्यानाकर्षण गराएको छ ।

पत्रकारहरुले समग्र प्रेस स्वतन्त्रताको रक्षा गर्न र आफ्नो पेशागत सुरक्षाको माग गर्दै सडकमा उत्रिएका हुन् । यो घटना प्रेस स्वतन्त्रतामाथि थप खतराको संकेत बनेर आएको छ । नेपालजस्तो लोकतान्त्रिक मुलुकमा पत्रकारमाथि हुने यस्ता आक्रमणहरुले स्वतन्त्र पत्रकारिता खतरामा पर्ने देखिएको छ । सुरेश रजकको हत्या र मिडिया संस्थामा भएको तोडफोडले केवल पत्रकारलाई मात्र नभई सिंगो समाजलाई नै चुनौती दिएको सहभागी पत्रकारहरुले बताए ।

# राप्रपाको घण्टाघर चोकमा प्रदर्शन



**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय प्रजातान्त्रिक पार्टी (राप्रपा) ले शनिबार वीरगंजको घण्टाघर चोकमा विरोध प्रदर्शन गरेको छ । पार्टीका नेता तथा कार्यकर्ताको गिरफ्तारीको विरोधमा टायर बालेर प्रदर्शन गरिएको हो ।

प्रदर्शनमा पार्टीका केन्द्रीय सदस्य अंगत ठाकुर, पर्सा जिल्ला उपाध्यक्ष अवध किशोर साह, विद्यार्थी युवा नेता दिपेश साहलगायतका नेता तथा कार्यकर्ताको उपस्थिति थियो ।

विरोध कार्यक्रमलाई सम्बोधन गर्दै पार्टी नेताहरूले आफ्ना नेताकार्यकर्ताको तत्काल रिहाइ माग गरे । यदि उनीहरूलाई रिहा नगरिए आइतबारदेखि वीरगंज बजार बन्द गरिने चेतावनी दिए । स्थानीय प्रशासनले अवस्था नियन्त्रणमा राख्न सुरक्षा व्यवस्था कडा पारेको छ भने प्रदर्शनकारीले आफ्नो आन्दोलन अझ सशक्त बनाउने चेतावनी दिएका छन् ।

## ८ किलो लागुऔषध अफिम बरामद

**मधेशदृष्टि**
**बारा ।**
जीतपुर सिमरा उपमहानगरपालिका–१ स्थित पथलैया चोकबाट चैत १५ गते सशस्त्र प्रहरीले ८ किलो लागुऔषध अफिमसहित दुई जनालाई नियन्त्रणमा लिएको छ । नियन्त्रणमा लिइएकाहरु मकवानपुर, हेटौंडा उपमहानगरपालिका–१२ रमनटारका ४४ वर्षीय मिलन भोलन र ४७ वर्षीय गोपाल प्रसाद गौतम छन् । हेटौंडाबाट वीरगंज जाँदै गरेको बागमती प्रदेश ०१–०२९ च ५४१४ नम्बरको इलेक्ट्रिक गाडीमा सवार उनीहरूलाई सशस्त्र प्रहरी बल इन्टेलिजेन्स ब्युरोको विशेष सूचनाको आधारमा अफिमसहित नियन्त्रणमा लिइएको हो । साथै उनीहरूको साथबाट ६३ हजार ३ सय ६० रुपैयाँ, ३ थान मोबाइल लगायतका सामानसमेत बरामद गरेको छ । नियन्त्रणमा लिइएका दुवैलाई बरामद लागुऔषध, गाडीलगायतका सामानसहित आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा बुझाइएको सशस्त्र प्रहरीका सहप्रवक्ता डिएसपी शैलेन्द्र थापाले जानकारी दिए ।

# राजविराज विमानस्थलको उडान अप्रिल फूल कि साँच्चै ?



**मनोज माझी**
**राजविराज ।**
यात्रुको चापलाई मध्यनजर गर्दै संघीय सरकारका संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री प्रसाद पाण्डेकै उपस्थितिमा राजविराज विमानस्थलबाट रात्रीकालीन उडान परीक्षण सकिएको ४ महिना बित्दा पनि थप उडान हुनसकेको छैन । रात्रीकालीन उडान मिति पटकपटक सर्दै गएपछि स्थानीयसमेत हैरान बनेका छन । बुद्ध एयरले दिउँसो २ बजेतिर एउटा उडानमार्फत राजविराज–काठमाडौं रुटमा सेवा दिँदै आएकामा यात्रुको चाप बढेपछि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री पाण्डेले मंसिर २९ गते थप एक रात्रीकालीन परीक्षण उडान उद्घाटन गरेर सोही विमानबाट काठमाडौं फर्केका थिए ।

परीक्षण उडान सफल भएको तथा विमानस्थलमा तत्काल उडानका लागि सबै तयारी पूरा भएको जनाउँदै एक महिनापछि दैनिक दुई उडान हुने मन्त्री पाण्डेले जानकारी दिएका थिए । तर अहिलेसम्म थप उडान व्यवस्था नहुदाँ यात्रुलाई समस्या भइरहेको उद्योग वाणिज्य संघ सप्तरीका अध्यक्ष लालु प्रसाद अग्रवालको भनाइ छ । पछिल्लोपटक बुद्ध एयरले चैत १९ गते अर्थात् अप्रिल १ देखि राजविराज विमानस्थलबाट दिउँसो १२:२५ र साँझ ६ बजे गरी २ उडान काठमाडौं भर्ने समय तालिका सार्वजनिक गरेको थियो । तर शुक्रबार फेरि त्यो मितिमा रात्रीकालीन उडान सेवा शुरु नहुने बुद्ध एयरले जनाएको छ । बुद्ध एयरका स्टेशन म्यानेजर अनिल राजवंशीले एयर ट्राफिक, नोटम एक्सचेन्ज र फ्लाइटको उडान तालिकालगायतका विषयमा काठमाडौंस्थित फ्लाइट विभागबाट अनुमति प्राप्त गर्न ढिलाई भएकाले उडान सेवा रोकिएको बताए । उनले प्रक्रिया पूरा भएपछि रात्रीकालीन सेवा शुरु हुने र त्यसमा अझ एक डेढ महिनासम्म समय लाग्नसक्ने बताए । अप्रिल १ देखि दुई उडान हुने भनेको बुद्ध एयरले उडानको सुरसार नगरेको तथा पटकपटक समय तालिका बढाउँदै गर्दा कतै अप्रिलफूल बनाउन खोजिएको त होइन भन्ने स्थानीय एवम् नागरिक समाज सप्तरीका अध्यक्ष थानसिंह भन्सालीले आशंका व्यक्त गरे ।

राजविराज विमानस्थलका प्रमुख ध्रुव श्रेष्ठले उडानका लागि सबै तयारी अवस्थामा रहेको जानकारी दिँदै सेवा प्रदायक कम्पनीले नै उडान मितिबारे स्पस्ट बताउन नसकेको बताए । विसं २०१६ सालमा तत्कालीन उद्योग मन्त्री गणेशमान सिंहद्वारा उद्घाटन गरिएको राजविराज विमानस्थलबाट पहिलो पटक २०७५ मा श्री एयरलाइन्सले सातामा ३ दिन दिउँसो उडान सेवा सञ्चालन गरेको थियो । त्यसको केही दिनपछि नै कम्पनीले सेवा बन्द गरेको थियो । त्यसपछि २०७६ माघ १८ गतेदेखि बुद्ध एयरले दैनिक दिउँसो एउटा उडान भर्दै आएको छ ।

यात्रुको चाप बढ्दै गएको र एउटै उडान सेवा हुँदा सप्तरी र आसपासका यात्रुलाई असुविधा भइरहेको गुनासो बढेपछि जनप्रतिनिधिले दैनिक २ उडान सेवाका लागि पहल थालेका थिए । फलस्वरुप संघीय सरकारका मन्त्री पाण्डे राजविराज पुगेर रात्रीकालीन सेवा उडान परीक्षण गर्दै केही दिनभित्रै सेवा शुरु हुने प्रतिबद्धता जनाएर फर्केका थिए ।

# मिश्र स्मृति भवन निर्माणका लागि छलफल




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसका नेता स्व. राम नारायण मिश्रको सम्झनामा जनकपुरधामस्थित गंगासागर पोखरीको पूर्वपट्टि निर्माण हुन लागेको राम नारायण मिश्र स्मृति भवनका सन्दर्भमा बृहत् छलफल भएको छ ।

राम नारायण मिश्र स्मारक समितिको आयोजनामा भएको छलफलमा नेताहरूले मिश्रको योगदानको स्मरण गर्दै स्मृति भवनको निर्माणलाई समर्थन गरे । कार्यक्रममा नेपाली कांग्रेसका मधेश प्रदेश सभा सदस्य रामसरोज यादव, जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साह, उपमेयर किशोरी साह, गणेश झालगायतको सहभागिता थियो ।

नेताहरूले स्व. मिश्रले लोकतन्त्रको स्थापनाका लागि गरेको संघर्ष र योगदानलाई सम्झिँदै स्मारक भवन मधेशको सांस्कृतिक र ऐतिहासिक धरोहर हुने बताए ।

प्रदेश सभा सदस्य यादवले मिश्रको योगदानलाई स्मरण गर्दै भने, 'मिश्रले नेपाली राजनीतिमा गरेको योगदानलाई कहिल्यै बिर्सन सकिँदैन । उहाँले लोकतन्त्र, सामाजिक न्याय र राष्ट्रिय एकताको लागि जीवन समर्पण गर्नुभयो । यो स्मृति भवन उहाँको योगदानको सम्मान स्वरूप निर्माण गर्न लागिएको हो । यसले मधेशका भावी पुस्तालाई पनि प्रेरित गर्नेछ ।'

उपमहानगरपालिकाका मेयर साहले मिश्रको स्मरण गर्दै जनकपुरधामको समृद्धिमा उनको योगदान अपरिहार्य रहेको उल्लेख गरे । उनले भने, 'राम नारायण मिश्रको स्मारक भवनको निर्माणले जनकपुरधामको सांस्कृतिक महत्वलाई अझै उच्च बनाउनेछ । हामी यो परियोजनालाई शीघ्र सम्पन्न गर्न सक्दो सहयोग गर्नेछौं ।'

उपमेयर साहले पनि मिश्रको स्मरणमा बन्न लागेको स्मारकले उनको योगदानलाई जीवन्त राख्ने बताए । राम नारायण मिश्र स्मृति भवनलाई जनकपुरधामको ऐतिहासिक स्थल गंगासागर पोखरीको पूर्वपट्टिको डिलमा निर्माण गर्न लागिएको हो । स्मारक समितिका अनुसार भवनले मिश्रको जीवन, योगदान र आदर्शहरूलाई सजीव राख्ने संग्रहालय र सभा स्थलको रूपमा काम गर्नेछ ।

कार्यक्रममा सहभागी नेताहरूले स्मारक भवन निर्माणको महत्वलाई जोड दिँदै यसका लागि सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । स्मृति भवनको निर्माणलाई जनकपुरधामको विकाससँग जोडेर नेताहरूले यो परियोजना सम्पूर्ण क्षेत्रकै पहिचानसँग गाँसिएको बताए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन